# रातो खबर

साप्ताहिक

Ratokhabar weekly



हरेक बुधवार प्रकाशित हुने

श्रमजीवि जनताको आवाज

नेपालकै एकमात्र जनपक्षीय साप्ताहिक

साप्ताहिक रातो खबर

खोजी खोजी पढौं

साथै हाम्रो अनलाईन हो

www.eratokhabar.com



वर्ष ७, अङ्क ४०, पूर्णाङ्क ३१० | २०७९ वैशाख १४ गते बुधवार | Wednesday, 27 Apr 2022 | www.eratokhabar.com | मूल्य रु. १०


# पार्टी निर्णयविरुद्ध चुनावमा उठेकाहरूलाई उम्मेदवारी फिर्ता लिन पार्टी सचिवालयको आह्वान

■ रातोखबर संवाददाता/काठमाडौं

आफूखुसी पार्टीनीति र निर्णयविरुद्ध कतिपय व्यक्तिहरू दलाल पुँजीवादी सत्ताले गराएको चुनावमा हामफालेपछि नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालयले पार्टीको निर्णय र नीतिविरुद्ध स्थानीय चुनावमा उम्मेदवार बनेका पार्टी केन्द्रीय सदस्य र जिल्लाका पदाधिकारीलाई अविलम्ब उम्मेदवारी फिर्ता लिन आह्वान गरेको छ। नेकपाका केही केन्द्रीय सदस्यदेखि जिल्ला सेक्रेटरीसम्मले नगरपालिका र गाउँपालिकाका विभिन्न पदमा मनोनयन गरेपछि पार्टीले विज्ञप्ति नै जारी गरेर मनोनयन फिर्ता लिन आह्वान गरेको हो।

पार्टी केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले सोमबार वक्तव्य जारी गरी पार्टीको आठौं केन्द्रीय समितिको १२ औं बैठकको निर्णयअनुसार पार्टी दर्ता नगर्ने र चुनावमा भाग नलिने, देशभक्त, जनवादी, एमसीसीविरोधी उम्मेदवारलाई समर्थन गर्न सकिने, पार्टीका सदस्यहरू उठ्न चाहेको अवस्थामा स्वतन्त्र हैसियतमा उठ्ने नीति पारित



संसारका श्रमिक र उत्पीडित जनता एक होऔं ! | मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी

Communist Party of Nepal

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No. :-

चलानी नं./Regd.No. :-

प्रेस वक्तव्य

उपरोक्त सम्वन्धमा यही बैशाख ३० गते हुने भनिएको स्थानीय निर्वाचनका सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीको आठौं केन्द्रीय समितिको १२ औं बैठकको निर्णयअनुसार पार्टी दर्ता नगर्ने र चुनावमा भाग नलिने, देशभक्त, जनवादी, एमसीसीविरोधी उम्मेदवारलाई समर्थन गर्न सकिने, पार्टीका सदस्यहरू उठ्न चाहेको अवस्थामा स्वतन्त्र हैसियतमा उठ्ने नीति पारित भएबमोजिम पार्टीले चुनाव उपयोग नगर्ने नीतिको तात्पर्य स्वाभाविक रूपले न्यूनतम् मूल्यमा केन्द्रीय समितिका सदस्य र जिल्लाका पदाधिकारी उम्मेदवारमा नउठ्ने मान्यताका विपरीत कतिपय कमरेडहरूले विभिन्न पदहरूमा मनोनयन दर्ता गरेका समाचारहरू सार्वजनिक रूपमा प्रकाशित भएकाले पार्टीको नीति अनुसरण गर्ने कमरेडहरूलाई नीतिविपरीत देखिने उम्मेदवारीको मनोनयन फिर्ता लिनका लागि पार्टीको सचिवालय हार्दिक अपिल गर्दछ।

अभिवादनसहित

कञ्चन

सचिवालय सदस्य

मिति : १२ वैशाख, २०७९

भए पनि कतिपय स्थानमा केन्द्रीय समितिका सदस्य र जिल्लाका पदाधिकारी नै उम्मेदवार बनेको पाइएकाले तत्काल मनोनयन फिर्ता लिन आह्वान गरेका हुन्।

पार्टी केन्द्रीय समितिका तर्फबाट सचिवालय सदस्य कञ्चनले जारी गरेको प्रेस वक्तव्यमा भनिएको छ, 'यही वैशाख ३० गते हुने भनिएको स्थानीय निर्वाचनका सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीको आठौं केन्द्रीय समितिको १२ औं बैठकको निर्णयअनुसार पार्टी दर्ता नगर्ने र चुनावमा भाग नलिने, देशभक्त, जनवादी, एमसीसीविरोधी उम्मेदवारलाई समर्थन गर्न सकिने, पार्टीका सदस्यहरू उठ्न चाहेको अवस्थामा स्वतन्त्र हैसियतमा उठ्ने नीति पारित भएबमोजिम पार्टीले चुनाव उपयोग नगर्ने नीतिको तात्पर्य स्वाभाविक रूपले न्यूनतम् मूल्यमा केन्द्रीय समितिका सदस्य र जिल्लाका पदाधिकारी उम्मेदवारमा नउठ्ने मान्यताका विपरीत कतिपय कमरेडहरूले विभिन्न पदहरूमा मनोनयन दर्ता गरेका समाचारहरू सार्वजनिक रूपमा प्रकाशित भएकाले पार्टीको नीति अनुसरण गर्ने कमरेडहरूलाई नीतिविपरीत देखिने उम्मेदवारीको मनोनयन फिर्ता लिनका लागि पार्टीको

... बाँकी पृष्ठ ७ मा

## चुनावी प्रक्रियामा भाग नलिने नेकपा काठमाडौं महानगरको निर्णय

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी काठमाडौं महानगरको बैठकले पार्टी केन्द्रीय समिति बैठकको निर्णय कार्यान्वयन गर्दै आउँदो स्थानीय तहको निर्वाचनलगायत कुनै पनि निर्वाचनमा भाग नलिने निर्णय एक मतले पारित गरेको छ। आठौं केन्द्रीय समितिको १२ औं बैठकले गरेको निर्णयअनुसार काठमाडौं महानगरले संसद्वादीहरूले गरेको कुनै पनि चुनावी प्रक्रियामा भाग नलिने निर्णय गरेको हो।

शनिबार नेकपाका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज माइला लामाको प्रमुख आतिथ्यमा सम्पन्न

... बाँकी पृष्ठ ७ मा

## नेपाली चलचित्र उद्योग डुबाउने षड्यन्त्रविरुद्ध चलचित्रकर्मीहरूको गम्भीर चेतावनी

**काठमाडौं।** नेकपानिकट अखिल नेपाल जनसांस्कृतिक महासङ्घको आङ्गिक सङ्गठन अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी सङ्घले नेपाली चलचित्र उद्योगलाई डुबाउने षड्यन्त्र तत्काल बन्द गर्न गम्भीर चेतावनी दिएको छ। सङ्घका अध्यक्ष विवेक सापकोटा र महासचिव कार्तिक राणाले संयुक्त

... बाँकी पृष्ठ ७ मा

## संसद्वाद स्वीकारेर समाजवाद ल्याउँछु भन्नु हावादारी तर्क : सुदर्शन




■ रातोखबर संवाददाता/काठमाडौं

नेकपाका केन्द्रीय सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले संसद्वादी चुनावको बाटो हिँडेर समाजवाद ल्याउँछु भन्ने हावादारी तर्कमा नलाग्न क्रान्तिकारीहरूलाई आह्वान गरेका छन्। विचारमा स्खलन आएपछि नै मनमोहन अधिकारीले प्रधानमन्त्री भएपछि दक्षिणकालीमा गएर कालो बोको पूजा गरेको, प्रचण्डले ग्रहदशा पन्छाउन भनेर भैंसीपूजा

... बाँकी पृष्ठ ७ मा

## बेपत्ता योद्धा पूर्ण पौडेलको खोज सभा सम्पन्न



**पोखरा।** नेपाल कम्युनिस्ट पार्टी कास्कीलगायत संयुक्त जवस मोर्चा कास्कीद्वारा महान् जनयुद्धका बेपत्ता योद्धा पूर्ण पौडेलको खोजसभा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम पोखराको सहिद स्मृति विद्ययालयस्थित सहिद स्मृति सभाहलमा भएको हो।

नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य तथा वेपत्ता योद्धा पूर्ण पौडेलकी जीवनसँगिनी सावित्रा दुरा 'आस्था' को प्रमुख आतिथ्य र अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घ कास्की जिल्ला इन्चार्ज प्राप्ति विकको अध्यक्षतामा

... बाँकी पृष्ठ ७ मा

## पार्टी नीतिविपरीत गएका उम्मेदवारको पछि नलाग : रूपेश

■ रातोखबर संवाददाता/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टी गोरखाले पार्टी नीतिविपरीत गएका कथित स्वतन्त्र उम्मेदवारको पछि नलाग्न आह्वान गरेको छ। नेकपाका केन्द्रीय सदस्य गोरखा जिल्ला इन्चार्ज कृष्ण वाग्ले 'रूपेश' ले विज्ञप्ति जारी गर्दै विशेष समिति सदस्य योगेन्द्र कुमालले जिल्लाको बैठक नै नबसाली आफ्नो मनलाग्दी उम्मेदवार घोषणा गरेको भन्दै पार्टीको गम्भीर ध्यानाकर्षण भएको बताएका छन्। उनले पार्टी अनुशासन उल्लङ्घन गर्दै गरिएको उक्त कार्य आपत्तिजनक रहेको पनि बताएका छन्।

केन्द्रीय सदस्य एवम् जिल्ला इन्चार्ज रूपेशले जारी गरेको विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

'नेपाल कम्युनिस्ट पार्टी गठनयता निरन्तर असफल संसदीय व्यवस्थाका विरुद्ध वैज्ञानिक समाजवादका निम्ति निरन्तर सङ्घर्ष गर्दै आएको सबैलाई सर्वविदितै छ। हालै सम्पन्न हाम्रो पार्टीको १२ औं केन्द्रीय समिति बैठकले लामो बहसपछि

... बाँकी पृष्ठ ७ मा

## क्रान्तिकारी ध्रुवीकरण र विचार रक्षामा जोड



■ रातोखबर संवाददाता/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले नेपालमा कम्युनिस्ट पार्टी भर्खर तन्नेरी अवस्थामा रहेको र पाँचवटा क्रान्तिकारी कम्युनिस्ट पार्टी एउटै हुनुपर्ने बताएका छन्। उनले क्रान्तिकारी ध्रुवीकरणमा पनि जोड दिए।

नेकपाको ७४ औं स्थापना दिवस तथा १५३ औं लेनिन जयन्तीका अवसरमा आयोजित कार्यक्रममा नेता किरणले कम्युनिस्टहरूको इतिहास वादविवाद गर्न सिपालु तर संवाद गर्न नसक्ने रहेको भन्दै यसकै कारण नेपालको राजनीतिक आन्दोलनमा गुणात्मक उपलब्धि हासिल गर्न नसकिएको प्रस्ट पारे।

अहिलेको अवस्थामा पार्टी र लाइन दुवैलाई क्रान्तिकारी बनाउने कुरा महत्वपूर्ण भएको नेता भन्दै किरणले अहिले क्रान्तिकारी

... बाँकी पृष्ठ ७ मा

## पार्टीमा देखिएका गम्भीर समस्या र समाधान

देश/परिवेश

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



नेपालमा हुने नयाँ जनवादी तथा वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि विभिन्न समयमा टुटफुटको प्रक्रियाबाट गुज्रँदै अन्ततः पुनर्गठन गरिएको हाम्रो पार्टी- नेपाल कम्युनिस्ट पार्टीमा अहिले केही गम्भीर वैचारिक, राजनीतिक तथा सङ्गठनात्मक समस्याहरू देखापरेका छन्। यसप्रकारका समस्याहरूलाई कसरी बुझ्ने, कसरी व्यवहार गर्ने र कसरी निकास दिने ? यी प्रश्नहरू अहिले नेपालको क्रान्तिकारी आन्दोलनमा मात्र होइन, नेपाली राजनीतिमा समेत सार्वजनिक चासोका विषय हुन्। यी विषयमा केही नीतिगत छलफल गर्न आवश्यक छ र नेपाल कम्युनिस्ट पार्टीका हजारौं कार्यकर्ताहरू, सहिद परिवार, घाइते-अपाङ्गहरू र नेपालमा परिवर्तनको अपेक्षा गर्ने लाखौं नेपाली जनतालाई विषयको गम्भीरता बोध गराउन आवश्यक छ। यस सन्दर्भमा यहाँ केही प्रकाश पारिनेछ।

### अहिले हाम्रो पार्टीभित्र देखिएको बहस

संसदीय व्यवस्थाको चुनावमा भाग लिने वा नलिनेबाट समग्र राजनीतिक विषयहरू कार्यदिशा, कार्यनीति र कार्ययोजनाकै बारेमा प्रश्नहरू खडा हुनु कतिपय मानिसका लागि सामान्य लाग्न सक्छ तर हाम्रो पार्टीका लागि यी विषय गम्भीर छन्। केन्द्रीय समितिको बैठकमा महासचिवले प्रस्तुत गरेको प्रस्तावमा एकमतले चुनावको उपयोग नगर्ने, पार्टी दर्ता नगर्ने नीति पारित गरिसकेपछि पार्टीका कतिपय जिम्मेवार नेताहरूबाट चुनावपरस्त गतिविधि निरन्तर रूपमा देखाएकै करण यो तथ्य उजागर गर्न कुनै आनाकानी गर्न आवश्यक छैन- केन्द्रीय समितिको बाह्रौं बैठकमा महासचिवबाट प्रस्तुत गरिएको प्रस्ताव पार्टीले चुनावको उपयोग गर्नुपर्छ भन्ने थियो। यसमा केन्द्रीय समितिमा गम्भीर रूपमा बहस भयो। अन्ततः त्यो प्रस्तुत प्रस्तावमा परिमार्जन गरेर एकमतले पारित गरियो। जसमा यो बहसलाई पार्टीभित्र अल्पमत र बहुमतका आधारमा हेरिएको हैन, त्यो विचारको बहस थियो। यो बहसमा विचारको सर्वोच्चता स्थापित भयो। विचारको सर्वोच्चताले संसद्वादी राजनीतिको दलदलमा नजानिँदो तरिकाले डुब्नै लागेको पार्टीलाई बचायो, पार्टीको क्रान्तिकारी राजनीतिक धरोहरको रक्षा गऱ्यो, पार्टीलाई संसदीय घेराबाहिर राख्यो र अहिले कुनै पनि पार्टी सदस्य, समर्थक र जनताले पार्टी संसदीय

... क्रमशः पृष्ठ ३ मा

वर्ष ७, अङ्क ४०, पूर्णाङ्क ३१०
रातो खबर साप्ताहिक

## सम्पादकीय

# राजनीतिक इमानदारी देखाऊ उम्मेदवारी फिर्ता लेऊ

जीवनमा नैतिकता र इमानदारीको ठूलो महत्व छ। सामाजिक जीवनका सबै क्षेत्रमा इमानदारी, नैतिकता र विश्वासको महत्वपूर्ण स्थान हुन्छ। अन्य क्षेत्रमा झैँ राजनीतिमा पनि इमानदारी हुन्छ, नैतिकता हुन्छ। विशुद्ध सामाजिक भावना र जिम्मेवारीले ओतप्रोत भएकाले पनि मानिसले राजनीतिक क्षेत्रमा बढी इमानदारी, नैतिकता र विश्वासको माग र अपेक्षा गर्छ। एउटा व्यापारीले मूल्य लिएर सामान बिक्री गर्नुभन्दा धेरै नै बढी जिम्मेवार छ आफ्नो समग्र समय, विवेक, बुद्धि, श्रम र लगानी लगाएर सामाजिक भावना र जिम्मेवारीबोधसहित गरिने राजनीति। मानवसमाज जति सभ्य र विकसित बन्छ, उति नै इमानदार बन्छ। इमानदार बन्नु भनेको आफ्नो वचन, निर्णय, अधिकार र कर्तव्यप्रति जबाफदेही बन्नु पनि हो। इमानदारी, नैतिकता र विश्वसनीयता नभएको क्षेत्र अस्तव्यस्त, लथालिङ्ग, भताभुङ्ग र अराजक हुन्छ। एउटा इमानदारी, एउटा नैतिकता र एउटा विश्वास वा प्रतिबद्धता वेश्यालयजस्तो अश्लील, अमानवीय र घृणित स्थानमा पनि हुन्छ भनिन्छ, झन् राजनीतिमा त यसको अपेक्षा बढी नै हुने भयो। कतिपय सन्दर्भमा राजनीतिक क्षेत्रका पात्र र दलहरूले राजनीतिक इमानदारीमा ध्यान नदिँदा वा अधैर्य/मनोमानी गर्दा मानिसहरूले भन्ने मौका पाएका छन्- राजनीति फोहोरी खेल हो। सबै नीतिको मूल नीति राजनीति नै फोहोरी, धमिलो र दुर्गन्धित बने/बनाइएपछि त्यसअन्तर्गतका सबै नीति, नियम, कानुन, व्यवहार-आचरणहरू पनि दूषित हुने नै भए। प्रतिक्रियावादी र बुर्जुवा शक्तिहरूले आममानिसलाई राजनीतिबाट विमुख बनाउन राजनीति र प्रेममा जे पनि सम्भव वा छूट हुन्छ भनेर झुक्याउने वा अनैतिकताको पाठ पढाउने गरेका छन्। अझ कतिपयले त राजनीतिलाई शौचालयसमेत भन्ने धृष्टता गरेका छन्। राजनीतिक पार्टी र तिनका नेतृत्वले आफ्नै निर्णय, विचार उल्लङ्घन गरेर सस्तो रमिता वा उटाङ देखाउँदा राजनीतिप्रति वितृष्णा जगाएर सत्ताको तर मार्न पल्किएकाहरूले फाइदा लिने गरेका छन्। त्यसैले विशुद्ध सामाजिक सेवाभाव र आमूल परिवर्तनको जिम्मेवारी बोकेको राजनीतिक क्षेत्रका अगुवाहरू यी बदनामीबाट बच्न आफ्नो निर्णय र अनुशासनप्रति गम्भीर रूपले इमानदार हुनुपर्छ। आफ्नै निर्णय उल्लङ्घन गरेर मनोमानी गर्ने छूट कसैलाई हुँदैन। अनुशासन उल्लङ्घन गर्नेहरू कारबाहीका भागीदार हुन्छन्। अन्यथा समाजमा अराजकता मच्चिन्छ। क्रान्तिकारी आन्दोलनहरू र अझ कम्युनिस्ट आन्दोलनमा त इमानदारी र अनुशासनको धेरै नै ठूलो महत्व छ। यही जिम्मेवारीबोध, विश्वास र अनुशासनले समाजमा ठूल्ठूला सङ्घर्ष, युद्ध र क्रान्तिहरू सफल हुने गरेका छन्। नेतृत्व बेइमान, गैरजिम्मेवार भइदियो भने सबैतिर भतभुङ्ग र लथालिङ्ग हुन्छ। आफ्नै निर्णय उल्लङ्घन गरेर र इमानदारी भुलेर अराजकता मच्चाउनु विखण्डन र विभाजन ल्याउनु हो। यो बेइमान र अनैतिक कार्य हो।

नेपाल कम्युनिस्ट पार्टीको आठौँ केन्द्रीय समितिको बाह्रौँ पूर्ण बैठकले गरेका विभिन्न निर्णयमध्ये दलाल पुँजीवादी सत्ताले आफ्नो दीर्घायुका लागि घोषणा गरेको आसन्न स्थानीय निर्वाचनमा पार्टी दर्ता गरेर भाग नलिने निर्णय अत्यन्त महत्वपूर्ण निर्णय हो। नेकपाको बैठकले पार्टीका कुनै पनि नेता पार्टी हैसियतमा निर्वाचनमा नजाने, एमसीसीविरोधी देशभक्त शक्ति, पात्रहरू उठेमा सहयोग गर्न सकिने निर्णय गरेको थियो। दलाल पुँजीवादी व्यवस्था र त्यही व्यवस्थामा रमाइरहेका पुँजीवादका पिछलग्गुहरूले नेकपाजस्तो क्रान्तिकारी विरासत र जिम्मेवारी बोकेको इमानदार पार्टी र यस पार्टीका इमानदार कार्यकर्तालाई पनि सत्ता, पद र पैसाको प्रलोभन देखाउँदै चुनावमा भाग लिन र अन्यथा दमन गर्ने त्रास पनि देखाएका हुन सक्छन्। यिनै प्रलोभन, त्रासलगायत कारण कतिपय व्यक्ति पार्टी निर्णयविरुद्ध आफैँले गरेको निर्णय लत्याउँदै, आफैँले बोलेको आवाजको गुन्जन नहराउँदै तीन हात माथि उफ्रिएर चुनावी प्रक्रियामा सामेल भएका छन्। कतिसम्म लाजमर्दो अवस्था देखिएको छ भने कयौँ पात्रहरू आफ्नो पदीय हैसियत र मर्यादासमेत भुलेर दलाल पुँजीवादी सत्ताका कनिष्ठ निकायमा चुनाव लड्न मनोनयन दर्ता गराउन पुगेका छन्। यी घटना र दृश्यहरूले रूपचन्द्र बिष्टको 'भ्रष्टाचार गर्ने मौका नपाएर इमानदार देखिएका भातेहरू' वाणीको स्मरण गराउँछ। यी पात्रहरूलाई २०७० र २०७४ सालका कथित संविधानसभा र संसदीय निर्वाचनहरू पनि किन बहिष्कार गरिएको थियो होला भन्ने भान वा पश्चाताप परिरहेको हुन सक्छ। यो विडम्बनापूर्ण अवस्था हो। यति कमजोर मानसिकता र निर्णयक्षमताका मानिसहरूले कसरी पुरानो राज्यसत्ता बदलेर जनतालाई नयाँ, वैज्ञानिक राज्यसत्ता दिन सक्छन्! एउटा कुहिएको आलुले सिङ्गै बोराका आलु बिगारिदिन्छ भन्ने सत्य यी पदलोलुप, अराजक र संसद्वादपरस्त चिन्तन बोकेकाहरूले देखाएका छन्। उनीहरूले पार्टीको गौरवशाली इतिहास, निर्णय र इमानदारी कायम राख्दै आफूले गरेको मनोनयनबाट नाम फिर्ता लिनुपर्छ। नेकपाको सचिवालयले नाउँ फिर्ता लिन गरेको आह्वानलाई इमानदारीपूर्वक स्वीकार गरी राजनीतिक संस्कार देखाउनुपर्छ। अर्ती र उपदेश अरूलाई दिनका लागि मात्र होइनन्, आफ्ना लागि पनि हुन्। पार्टी केन्द्रीय समितिको निर्णय उल्लङ्घन गर्ने अधिकार कसैलाई पनि छैन।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# हाम्रो कार्यक्रम : वैज्ञानिक समाजवाद



सुदर्शन

> *"आज विश्वपुँजीवाद र नेपालजस्ता दलाल पुँजीवादी देशको दर्शन उदारवाद तथा नवउदारवाद बनेको छ। यसको सङ्क्षिप्त अर्थ के हो भने एकजना व्यक्तिभित्र पत्रैपत्रले बेरिएको एउटा निजत्व हुन्छ, त्यो निजत्व पूर्ण रुपमा स्वतन्त्र हुन्छ र व्यक्तिले के चाहन्छ, के मनपराउँछ भन्ने कुरा ऊबाहेक अरुले जान्न सक्तैन। यो सिद्धान्त पुँजीवादले दोस्रो विश्वयुद्धपछि ल्यायो जसबेला पूर्वीयुरोप र पूर्वी एसियामा सामूहिकतामा आधारित वैज्ञानिक समाजवादी क्रान्तिहरु भइरहेका थिए। अमेरिकी र युरोपेली साम्राज्यदवादले सोभियत सङ्घलाई निशाना बनायो। सोभियत सङ्घ कम्युनिष्ट पार्टी (बोल्सेविक) भित्र जर्मनीका दलालहरु घुसे।"*

'समाजले उत्पादनका साधनहरू कब्जा गरिसकेपछि माल उत्पादन समाप्त हुनेछ र यसका साथै उत्पादकमाथि उत्पादनको प्रभुत्व पनि समाप्त हुनेछ। सामाजिक उत्पादनमा अराजकताको स्थान व्यवस्थित र सुनिश्चित सङ्गठनले लिनेछ। व्यक्तिगत अस्तित्वका लागि हुने सङ्घर्ष विलोप हुनेछ। त्यसपछि खास अर्थात् मानिसले पहिलोपटक बाँकी पशु जगत्‌बाट आफूलाई अन्तिम रूपमा अलग गर्नेछ र पाशविक अस्तित्वको परिस्थितिलाई छोडेर वास्तविक मानव अस्तित्वमा प्रवेश गर्नेछ। जीवन परिस्थितिको समग्र क्षेत्र जसबाट मानिसको पर्यावरण तयार हुन्छ र जसले अहिलेसम्म मानिसमाथि शासन गर्दै आएको हुन्छ, त्यो अब मानिसको प्रभुत्व तथा नियन्त्रणअन्तर्गत आउनेछ। त्यो पहिलोपटक प्रकृतिको वास्तविक र सचेत मालिक बन्दछ किनभने ऊ आफ्नो सामाजिक सङ्गठनको सचेत मालिक बनेको हुन्छ। अहिलेसम्म उसको सामाजिक कार्यको नियमले बाह्य प्राकृतिक नियमका रूपमा आमनेसामने भएर उसमाथि शासन गर्ने गर्दथ्यो भने अब उसले स्वयम् त्यसलाई पूर्ण समझदारीका साथ उपयोग गर्नेछ र त्यसलाई आफ्नो नियन्त्रणमा राख्नेछ। अहिलेसम्म मानिसको आफ्नै सामाजिक सङ्गठनले प्रकृति र इतिहासद्वारा थोपरिएको एउटा आवश्यकताका रूपमा मानिसकै मुकाबिला गर्दथ्यो भने अब त्यो उसको स्वतन्त्र कार्यको परिणाम बन्नेछ। अहिलेसम्म जुन बाह्य वस्तुगत शक्तिले इतिहासमाथि शासन गर्दै आएको हुन्छ। त्यसपछि मात्र मानिसले स्वयम् पूर्ण चेतनाका साथ आफ्नो इतिहास आफैँ बनाउनेछ- अनि मात्र सामाजिक कारणहरूलाई गतिवान् बनाउनेछ, त्यसपछि नै मूलतः निरन्तर बढ्दो मात्रामा उसद्वारा चाहेको परिणाम हुनेछ। यो मानिसको आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा छलाङ हुनेछ।'

'सार्वभौम मुक्तिको यो कार्यभार पूरा गर्नु आधुनिक सर्वहारा वर्गको ऐतिहासिक उद्देश्य हो। आजको उत्पीडित वर्गलाई यो परिस्थिति र यो महत्वपूर्ण कार्यभारको अर्थलाई पूर्ण ज्ञान गराउनु नै सर्वहारा आन्दोलनको सैद्धान्तिक अभिव्यक्ति वैज्ञानिक समाजवादको कार्यभार हो।'

–एङ्गेल्स, ड्युहरिङ मत खण्डन, १८७६–७८, प्रगति प्रकाशन मास्कोद्वारा १९८७ मा प्रकाशित, अङ्ग्रेजी संस्करण, ग्रन्थ २५, पृ २७०–७१

'हामीले विगतमा अर्धसामन्तवाद र अर्धउपनिवेशवाद भएकाले क्रान्तिको कार्यदिशा नयाँ जनवाद निर्माण गरेका थियौँ। तर दस वर्षको जनयुद्ध, गणतन्त्रको स्थापना, दलाल पुँजीवादको स्थापना, नवऔपनिवेशिक अवस्था आदि कारणले गर्दा अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवाद मात्र बनाउँदा अपूर्ण हुन्छ र पछि पर्न जान्छ। अर्को कुरा, नयाँ जनवाद कुनै लामो र स्थायी चरण पनि होइन। यो केवल समाजवादमा प्रवेश गर्ने खुड्किलो मात्र हो। कम्युनिस्टहरूको आधारभूत राज्य व्यवस्था भनेको वैज्ञानिक समाजवादी व्यवस्था नै हो। ...यसर्थ हामीले अबको राजनीतिक कार्यक्रम विगतकै जस्तो नयाँ जनवादी भन्नु वस्तुवादी हुँदैन, वैज्ञानिक समाजवादी बनाउनु र वस्तुवादी हुन्छ।'

–आठौँ महाधिवेशनमा प्रस्तुत एवम् पारित राजनीतिक प्रतिवेदन–२०७३, पृ.४७।

हामीले यहाँ एङ्गेल्सद्वारा मार्क्सवादका आधारभूत सिद्धान्तको विश्लेषण तथा विरोधीहरूको आरोपको खण्डन गरिएको प्रसिद्ध कृति 'ड्युहरिङ मतखण्डन' र नेपाली श्रमजीवी तथा उत्पीडित वर्गको अग्रदस्ता नेपाल कम्युनिष्ट पार्टीको आठौँ महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदनबाट केही लामा उद्धरणहरू उद्धृत गरेका छौँ। यसको अर्थ हो– हामीले हाम्रो पार्टीको राजनीतिक कार्यक्रमबारे सैद्धान्तिक र व्यावहारिक रूपले हाम्रा कमरेडहरू र आमजनसमुदायलाई सही कुरा बोध गराउने प्रयत्न। हामीले आठौँ महाधिवेशनमा नेपाली क्रान्तिको कार्यदिशा एकीकृत जनक्रान्ति र कार्यक्रम वैज्ञानिक समाजवाद प्रस्तुत गरिसकेपछि एउटा ठूलै तरङ्ग आएको छ। यसबारे क्रान्तिकारी माओवादी र यसका महासचिव कमरेड किरणले सबभन्दा बढी बहस चलाउनुभएको छ। उहाँ र उहाँको पार्टीको आलोचनात्मक बहसले हाम्रो पार्टीको कार्यदिशा र कार्यक्रमले अरू क्रान्तिकारीलाई पारेको प्रभावका रूपमा लिनुपर्दछ। क्रान्तिकारी र प्रगतिशील कित्ताबाट सकारात्मक प्रतिक्रियाहरू आएका छन्। संशोधनवादी र प्रतिक्रियावादीहरूचाहिँ कतिपयले खिसीट्युरी गरिरहेका छन् भने खास कुरा बुझेकाहरूचाहिं भयभीत भइरहेका छन्। अन्तर्राष्ट्रिय रूपमा यसको कति प्रभाव परेको छ भन्ने कुरा एकजना पश्चिमा प्राचार्य हवाईजहाज भाडामै लिएर नेपाल आएबाट स्पष्ट हुन्छ। उनले यो कुरा बुझेर एउटा दैनिक पत्रिकामा अन्तरवार्ता पनि दिएका छन् तर कस्तुरीले आफैँभित्र रहेको बिनाको सुगन्ध नबुझेर यो सुगन्ध कताबाट आयो भन्दै गन्तव्यविहीन बुर्कुसी मार्ला भन्ने चिन्ता छ। यहाँ हामीले त्यो बासनादार बिना हामीभित्रै छ है भनेर आफैँलाई बुझाउनु पर्नेछ।

दोस्रो कुरा, नेपाली साम्यवादी आन्दोलन र विश्वसाम्यवादी आन्दोलनमा मालेमावादको विकास गर्नुपर्दछ भन्ने कुरालाई बारम्बार दोहोऱ्याइरहने तर त्यसको विकास कहाँबाट गर्नुपर्दछ भन्ने प्रश्नको कहिल्यै पनि जबाफ नदिने परम्पराको हामीले अन्त्य गरेका छौँ। हामीले जबाफ दिएका छौँ- विचारधाराको विकास कार्यदिशा र कार्यक्रमबाट हुन्छ। नेपालमा हामीले पुष्पलालदेखि पुष्पकमल दाहालसम्मको विचारको विकास त गर्नैपर्दछ भन्ने तर विकास कहिल्यै नगर्ने परम्परालाई तोडेका छौँ। हामीले के भनेका छौँ भने नेपाल अब २००६ सालदेखि भङ्ग्याउँदै आएको अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा छैन। खासगरी २०४६-४७ सालको जनआन्दोलनपछि पुनर्स्थापित पश्चिमा संसदीय व्यवस्थासँगै दलाल पुँजीवाद नाङ्गो रूपमा स्थापित भएको छ। त्यसपूर्व राष्ट्रिय अर्थतन्त्रको जगमा विकास हुँदै गएका उद्योग तथा कारखानाहरू विस्थापित गरिएका छन्। आफ्नो उत्पादन निर्यातमुखी अर्थतन्त्र होइन, बरु अरू देशको उत्पादन आयातमुखी अर्थतन्त्र हाबी छ। यो अर्थतन्त्रका कारणले स्वतः आत्मनिर्भर राजनीति होइन, बरु परनिर्भर राजनीति रहेको छ। विद्यमान अर्थतन्त्र र राजनीतिको अभिव्यक्तिका रूपमा बाह्य संस्कृति पनि हाबी हुन खोजिरहेको छ। यसले गर्दा नेपाल नवऔपनिवेशिक देश हो। त्यसकारण राष्ट्रिय पुँजीको विकास गर्न र राष्ट्रिय पुँजीको विकासका नाममा पुँजीवादी व्यवस्थालाई लामो समय टिक्न नदिन हामीले वैज्ञानिक समजवादको कार्यक्रम बनाएका छौँ।

तेस्रो कुरा, आज विश्वपुँजीवाद र नेपालजस्ता दलाल पुँजीवादी देशको दर्शन उदारवाद तथा नवउदारवाद बनेको छ। यसको सङ्क्षिप्त अर्थ के हो भने एकजना व्यक्तिभित्र पत्रैपत्रले बेरिएको एउटा निजत्व हुन्छ, त्यो निजत्व पूर्ण रूपमा स्वतन्त्र हुन्छ र व्यक्तिले के चाहन्छ, के मनपराउँछ भन्ने कुरा ऊबाहेक अरूले जान्न सक्तैन। यो सिद्धान्त पुँजीवादले दोस्रो विश्वयुद्धपछि ल्यायो जसबेला पूर्वीयुरोप र पूर्वी एसियामा सामूहिकतामा आधारित वैज्ञानिक समाजवादी क्रान्तिहरू भइरहेका थिए। अमेरिकी र युरोपेली साम्राज्यदवादले सोभियत सङ्घलाई निशाना बनायो। सोभियत सङ्घ कम्युनिष्ट पार्टी (बोल्सेविक) भित्र जर्मनीका दलालहरू घुसे। अमेरिका र सोभियत सङ्घबीचको शीतयुद्धमा १९९० मा पुगेर सोभियत सङ्घ परास्त भयो। पूर्वीयुरोपका समाजवादी देशहरू पनि पराजयी भए। त्यसपछि पुँजीवादीहरूले उदारवादलाई नवउदारवादमा संश्लेषण गरे। त्यतिबेलै फ्रान्सेस फुकुयामाजस्ता अमेरिकी टट्टुहरूले 'इतिहासको अन्त्य र अन्तिम मान्छे' लेखेका छन्। करिब त्यही सेरोफेरोमा पुनर्स्थापित नेपालको संसदीय व्यवस्थाले नवउदारवादी अर्थतन्त्र स्वीकार गऱ्यो र त्यसबेलाका अर्थमन्त्री रामशरण महतले यसलाई प्रवेश गराए। हाम्रो पार्टीको वैज्ञानिक समाजवादी कार्यक्रम यो उदारवादी निजत्वका विरुद्धको सामूहिक कार्यक्रम हो। आज माओको नयाँ जनवाद वैज्ञानिक समाजवादकै एउटा खुड्किलो वा पाइला बनेको छ। मानिसभित्र रहेको निजत्व प्रकृति र समाजका नियमबाट स्वतन्त्र हुँदैन र मानिसजस्तो सामूहिक प्राणीलाई निजत्वमा सीमित गरेर कहिल्यै पनि राख्न सकिँदैन। त्यसकारण यो उदारवाद सामिर अमिनका शब्दमा 'उदार विषाणु' हो। वैज्ञानिक समाजवाद यो विषाणुविरुद्धको खोप हो।

उल्लिखित एङ्गेल्सको संश्लेषण वैज्ञानिक समाजवादमा साम्यवादीहरूले बुझ्नुपर्ने र उत्पीडित वर्गलाई बुझाउनुपर्ने कार्यभार हो। वैज्ञानिक समाजवादमा साम्यवादीहरूले साम्यावादमा पुगेपछि उत्पादनका साधनहरू सम्पूर्ण रूपले समाजको हातमा आउँछन्। उत्पादनका साधनहरू समाजको हातमा आएपछि माल उत्पादन हुँदैन। माल उत्पादन हुँदैन भन्नुको अर्थ सामूहिक श्रमबाट उत्पादन हुने वस्तुमाथिको निजी स्वामित्व अन्त्य हुन्छ। त्यसकारण उत्पादनमा अराजकताको स्थान व्यवस्थित र सचेत सङ्घर्षले लिनुको अर्थ व्यक्तिगत अस्तित्वका लागि हुने सङ्घर्ष समाप्त हुन्छ। दोस्रो, त्यसपछि मानिस पशुजगत्‌बाट पूर्ण रूपले मुक्ति पाएर मानव अस्तित्वमा प्रवेश गरी आफ्नो जीवन परिस्थितिलाई शासक अवस्थाबाट शासित अवस्थामा ल्याउनेछ। त्यसपछि मानिस प्रकृतिको वास्तविक मालिक बन्दछ किनभने ऊ सामाजिक सङ्गठनको नेता बनेको हुन्छ। अहिलेसम्म मानिसको आफ्नै सामाजिक कार्यको नियमले बाह्य प्राकृतिक नियमका रूपमा शासन गर्दै आएकोमा अब भने उसले त्यसलाई पूर्ण बोधका साथ उपयोग गरी आफ्नो नियन्त्रणमा लिनेछ। तेस्रो, अहिलेसम्म मानिस आफ्नै सामाजिक सङ्गठनले प्रकृति र इतिहासद्वारा लादिएको एउटा आवश्यकताका रूपमा मानिसकै मुकाबिला गर्दथ्यो भने अब उसको स्वतन्त्र कार्यको नतिजा हुनेछ। अहिलेसम्म बाह्य वस्तुगत शक्तिले इतिहासमाथि शासन गर्दै आएकोमा अब मानिसले पूर्ण चेतनाका साथ आफ्नो इतिहास आफैँ बनाउनेछ। यसरी मात्र मूलतः र निरन्तर बढ्दो मात्रामा उसले चाहेको परिणाम प्राप्त हुनेछ। यो मानिसको आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा प्रवेश हुनेछ। यी तीनवटा कुराहरू पूर्ण रूपमा पूरा गर्नु साम्यवादी पार्टीको उद्देश्य हो, सर्वहारावर्गको परियोजना हो। यी कुराहरू बुझाउने थलो नै वैज्ञानिक समाजवादको चरण हो। साम्यवादमा गइसकेपछि त यी कुराहरू पूर्ण रूपले जीवन व्यवहारमा लागू हुन्छन्। त्यहाँ हामी आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा प्रवेश गर्नेछौँ।

मार्क्सले सन् १८४८–१८५० को फ्रान्सेली क्रान्तिको समीक्षा गर्दै 'फ्रान्समा वर्गसङ्घर्ष' नामक रचनामा संश्लेषण गर्नुभएको छ :

'समाजवाद स्थायी क्रान्तिको उद्घोषण हो, सामान्यतः सर्वहारा वर्गको अधिनायकत्वले वर्गविभेदको उन्मूलन गर्न, त्यो वर्गविभेद उत्पन्न गर्ने सम्पूर्ण उत्पादन सम्बन्धको उन्मूलन गर्न, त्यो उत्पादन सम्बन्धअनुरूपको सम्पूर्ण सामाजिक सम्बन्धलाई उन्मूलन गर्न, त्यो सामाजिक सम्बन्धबाट उत्पन्न भएका विचारहरूलाई क्रान्तिकारीकरण गर्न आवश्यक सङ्क्रमण बिन्दुका रूपमा काम गर्दछ।'

मार्क्स, फ्रान्समा वर्गसङ्घर्ष, १८५०, प्रगति प्रकाशन मास्कोद्वारा १९७८ को अङ्ग्रेजी संस्करणमा प्रकाशित ग्रन्थ १०, पृ. १२७।

मार्क्सको यो संश्लेषण चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको बेला निकै प्रख्यात थियो। वैज्ञानिक समाजवाद अन्ततः थायी क्रान्ति वा निरन्तर क्रान्ति नै हो। यो यसकारणले स्थायी क्रान्ति हो- यसले साम्यवादमा पुग्न वर्गविभेदको उन्मूलन गर्नैपर्छ। यसले गरिब र धनीबीचको वर्गविभेद मात्र होइन, बरु यसअन्तर्गतका सानो जाति र ठूलो जाति, महिला र पुरुष, उत्पीडित क्षेत्र, काला र गोरा, शारीरिक श्रम र मानसिक श्रमबीचका विभेदहरू उन्मूलन गर्दछ। यो यसकारणले स्थायी क्रान्ति हो- यसले सर्वहारा अधिनायकत्वअन्तर्गत त्यो वर्गविभेद पैदा गर्ने निजी स्वामित्व रहेको अत्पादन सम्बन्धलाई नष्ट गरी सामूहिक स्वामित्वमा रूपान्तरण गर्दछ। यो यसकारणले स्थायी क्रान्ति हो- यसले सर्वहारा अधिनायकत्वअन्तर्गत त्यो उत्पादन सम्बन्धअनुरूपका सामाजिक सम्बन्धहरू, आनीबानी, रीतिरिवाज, विरासतलाई सम्पूर्ण रूपमा उन्मूलन गरेर साम्यवादअनुरूप बनाउँछ। यो यसकारणले स्थायी क्रान्ति हो- यसले सर्वहारा

... बाँकी पृष्ठ ५ मा

पृष्ठ १ बाट क्रमशः

# पार्टीमा देखिएका गम्भीर समस्या र समाधान

घेराभन्दा बाहिर छ भनेर शिर ठाडो गरी भन्न सक्छन्, नाक उचो बनाएर बहस गर्न सक्छन् र नीतिको उल्लङ्घन गर्नेहरूको व्यक्तिगत समस्या हो भनेर सुरक्षित हुन सक्छन् ।

कदाचित पहिलेकै प्रस्ताव पारित गरिएको हुन्थ्यो भने र पार्टीले चुनाव उपयोग गर्ने नीति लिएको हुन्थ्यो भने त्यसले गुणात्मक रूपमा पार्टीको चरित्रमा बदलाव ल्याएको हुन्थ्यो, त्यो परिस्थितिले पार्टीलाई क्रान्तिकारी बनाइराख्ने महासिचवको पवित्र इच्छाभन्दा बाहिर एउटा माओवादी पार्टी दलाल पुँजीवादी पार्टीमा पतन हुन्थ्यो । 'पार्टीको देशभर विस्तार गर्न, जनतासँगको सम्बन्धमा पहुँच पुऱ्याउन, जनता र पार्टीलाई जोड्न, क्रान्तिको तयारी पूरा गर्न चुनावको उपयोग गर्ने' जस्ता सयौँ सकारात्मक सदिच्छा राख्दाराख्दै पनि चुनावको उपयोग गर्ने नीतिले मालेमावादी सिद्धान्तको परित्याग गरेको हुन्थ्यो, वैज्ञानिक समाजवादी क्रान्तिको रणनीति परित्याग गरेको हुन्थ्यो, पार्टीको प्रगतिशील संयुक्त सरकार र जनमतसङ्ग्रहको तत्कालिक कार्यनीति परित्याग गरेको हुन्थ्यो, सहिद र बेपत्ता योद्धाप्रति अपमान गरेको हुन्थ्यो, सहिद परिवार र बेपत्ता परिवारप्रति विश्वासघात गरेको हुन्थ्यो र पछिल्लो चरणमा हाम्रै पार्टीको नेतृत्वमा वैज्ञानिक समाजवाद स्थापना गर्ने विश्वासमा सहिद हुने १२ जना होनहार योद्धाप्रति अक्षम्य अपराध गरेको हुन्थ्यो, देशको राजनीतिक परिवर्तका लागि आर्थिक, भौतिक र नैतिक सहयोग गर्ने सम्पूर्ण सहयोग दाताहरूको आकाङ्क्षामाथि कुठाराघात गरेको हुन्थ्यो र समग्रमा पार्टी संसदीय राजनीतिक प्रणालीमा नजानिँदो तरिकाले प्रवेश गरिसकेको हुन्थ्यो । यथार्थमा पार्टीले संसदीय संविधान, कानुन, नियम, विधिविधानहरू स्वीकार गरेर पत्तै नपाईकन संसदीय राजनीतिमा प्रवेश गरेको हुन्थ्यो । वास्तवमा, नेपाली कम्युनिस्ट आन्दोलनमा भीषण प्रकारको वर्गसङ्घर्ष र गम्भीर प्रकारको दुई लाइन सङ्घर्षको प्रक्रियाबाट खारिएको भनिएको हाम्रोजस्तो पार्टीका नेताहरूमा चुनावी कार्यनीतिबाट क्रान्तिको तयारी गर्ने सोच पैदा हुनु र त्यसअनुसार चुनावको उपयोगका बारेमा बहस चलाउने धृष्टता गर्नु आफैँमा वैचारिक, राजनीतिक र सङ्गठनात्मक विचलनको द्योतक हुन्थ्यो ।

अब प्रश्न कहाँ हो भने संसदीय व्यवस्थाको चुनावमा भाग लिनु वा उपयोग गर्नु के नितान्त कार्यनीति हो ? बिल्कुल होइन । चुनावमा उपयोग गर्न पार्टीलाई विश्वस्त गर्ने दुई तर्कहरू थिए- पहिलो, यो कार्यनीति भएको कारण यसमा आवश्यकताअनुसार बहिष्कार गर्न वा उपयोग गर्न सकिन्छ र दोस्रो यसमा भाग लिएपछि पार्टी कुनै पनि हालतमा संसदीय भासमा जाने छैन र क्रान्तिको बाटोमा आइनेछ । यसमा दोस्रो कुरामा कुनै शङ्का गर्ने ठाउँ बन्दैन । संसदीय चुनावमा भाग लिएपछि कोही पनि फर्कन्छ वा त्यसैमा भासिन्छ भन्ने तथ्यलाई भविष्यकै गर्भमा छाड्ने हो भने पनि नीतिगत रूपमा यो कुरा निश्चित रूपले भन्न सकिन्थ्यो- कोही पनि क्रान्तिकारी संसद्को उपयोगपश्चात् क्रान्तिको बाटोमा फर्कन सक्नेछ । त्यसअनुसार कुनै पनि नेता वा कार्यकर्तामाथि शङ्का गर्नु अन्यथा हुनसक्छ ।

जहाँसम्म संसदीय चुनाव बहिष्कार वा उपयोग गर्नु नितान्त कार्यनीति हो भन्ने भनाइ छ, त्यसमा केही सैद्धान्तिक मान्यतामा ध्यान दिन आवश्यक हुन्छ र यथास्थितिमा संसदीय चुनाव उपयोग गर्नु सैद्धान्तिक रूपले गलत हुन्छ । यसमा कुनै पनि मार्क्सवादीलाई सामान्य ज्ञान हुने कुरा हो- एक्काईसौँ शताब्दीको साम्राज्यवाद र कम्युनिस्ट क्रान्तिको युगमा संसदीय व्यवस्थाको चुनावमा भाग लिनु सैद्धान्तिक रूपले गलत हुन्छ किनभने चुनावको प्रश्न लेनिनको परिभाषामा कार्यनीति हो तर नितान्त कार्यनीति होइन । सिद्धान्ततः यो अहिले पनि कार्यनीति हो किनकि त्यसले नेपाली क्रान्तिको रणनीति अथवा वैज्ञानिक समाजवादी क्रान्तिको सेवा गर्ने अवस्था सिर्जना गर्ने हो भने त्यसको उपयोग गर्ने कार्यनीति निश्चित रूपले सही हुनसक्छ । लेनिनले भन्नुभएको छ, 'पार्टीको कार्यनीति भन्नाले हामीले पार्टीको राजनीतिक व्यवहार वा चरित्र, राजनीतिक गतिविधिको दिशा र तरिका भन्ने बुझ्दछौँ ।' यसको उपयोगले पार्टीको व्यवहार र चरित्र, पार्टीको राजनीतिक गतिविधिको दिशा र तरिका वैज्ञानिक समाजवादी क्रान्तिको सेवा गर्ने, तयारी गर्ने हुन्थ्यो भने यो कार्यनीति रणनीतिसँग जोडिएको हुन्थ्यो तर अहिलेको अवस्थामा यो कार्यनीति रणनीतिबाट अलगावमा परेको हुन्छ ।

उल्लिखित लेनिनको भनाइलाई हामीले ठीक तरिकाले बुझ्नु आवश्यक हुन्छ । हुनत माओले कार्यनीति भनेको आवश्यकताअनुसार परिवर्तन हुने राजनीतिक क्रियाकलाप हो भन्नुभएको छ तर माओका यी दार्शनिक मान्यताहरूलाई अति सरलीकरण गर्नु अवसरवाद हुन्छ । यसप्रकारको सरलीकरणले पार्टीको नेतृत्व र सिङ्गो पार्टीलाई क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी राजनीतिबाट अलगथलग गर्छ । पार्टीको कार्यनीति जुन साँचो अर्थमा पार्टीको राजनीतिक व्यवहार वा चरित्र, राजनीतिक गतिविधिको दिशा र तरिका हुनुपर्ने हो । त्यसको तात्पर्य नेपालका सन्दर्भमा जसरी दलाल पुँजीवादी व्यवस्था जनताबाट अलगथलग भएको छ जसरी यो जनताबाट घृणित र तिरष्कृत भएको छ जसरी जनताले यसको विकल्प सशक्त रूपमा माग गरिरहेका छन्, त्यसको वास्तविक समाधान दिने र क्रान्तिको जन्म दिने राजनीतिक कार्यनीति तर्जुमा गर्नु हो । के यो रणनीतिक महत्वसँग जोडिएको विषय होइन ? अवश्य पनि हो । अहिलेको संसदीय व्यवस्थामा चुनावको उपयोग गर्ने नीतिले पार्टीको राजनीतिक व्यवहार कस्तो हुन्छ ? मूलतः संसद्वादप्रति जनतामा बनेको घृणा, त्यसप्रति समग्र देशको वितृष्णा, त्यसप्रकारको व्यवस्थाविरुद्ध जनताको विद्रोह जसरी बनेको छ त्यसका विरुद्ध संसदीय व्यवस्थाप्रति नरमपन देखाउनु हुन्छ, यो व्यवस्थाका विरुद्ध जनताको आक्रोश र घृणा मत्थर बनाउनु हुन्छ र संसदीय व्यवस्थाको संस्थागत विकास गर्नका लागि मद्दत गर्नु हुन्छ । के यसले वैज्ञानिक समाजवादी क्रान्ति तर्जुमा गर्ने राजनीतिक गतिविधिको दिशा र तरिका मुखरित गर्छ जस्तो स्टालिनले भन्नुभएको थियो, 'वास्तविक क्रान्तिकारी कार्यनीति पछ्याउन दुई कुरामा ध्यान दिनैपर्छ- पहिलो, त्यो कार्यनीति जनताको सामाजिक जीवनका विपरीत जानु हुँदैन, दोस्रो, त्यसले जनताको क्रान्तिकारी स्पिरिट (भावना) लाई माथिभन्दा माथि उठाउनुपर्छ ।' बारम्बार के भनिरहन आवश्यक छैन भने अहिले नेपालको संसदीय चुनावको उपयोग गर्ने कार्यनीति न नेपाली जनताको क्रान्तिकारी सामाजिक जीवनसँग मेल खान्छ, न त समग्र नेपाली जनताको क्रान्तिकारी भावनालाई नै माथि उठाउँछ बरु, त्यसको ठीक उल्टो जनताको क्रान्तिकारी सामाजिक जीवनको विपरीत सुधारवादी, निराशावादी, पलायनवादी बाटोमा जान्छ र जनताको क्रान्तिकारी भावनालाई भुत्ते पार्छ । त्यसको बदला यो कार्यनीतिले क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी राजनीतिमा सौदाबाजी गर्न पुग्छ । जुन क्रान्तिकारीले सिद्धान्तमा सौदाबाजी गर्छ त्यो किमार्थ क्रान्तिकारी हुन सक्दैन । सिद्धान्तमा सौदावादी गर्नु क्रान्तिकारी विश्वास र मान्यतामा घात गर्नु हो, क्रान्तिकारी स्पिरिटमा आत्महत्या गर्नु हो ।

हामीलाई लेनिनले सिकाइसक्नुभएको छ, क्रान्तिकारी सिद्धान्तबिना क्रान्ति असम्भव हुन्छ । तसर्थ क्रान्तिकारी सिद्धान्त भनेको क्रान्तिको आत्मा हो । संसारका कुनै पनि देशहरूमा क्रान्तिकारी कार्यनीतिबिना क्रान्ति असम्भव छ । अथवा समाजवादी कार्यनीतिबिना समाजवादी क्रान्ति असम्भव छ । यो मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओजस्ता महान गुरुहरूले समाजवादी आन्दोलनको दिशामा हजारौँपटक दिएको सार्वभौम शिक्षा हो । यो शिक्षाको जगमा हामी सुस्पष्ट रूपमा भन्न सक्छौँ- क्रान्ति हुनका लागि क्रान्तिकारी कार्यनीति हुन आवश्यक हुन्छ । क्रान्तिकारी कार्यनीतिका लागि क्रान्तिकारी नेतृत्व आवश्यक हुन्छ । क्रान्तिकारी नेतृत्व हुनका लागि पार्टीमा क्रान्तिकारी सिद्धान्त र राजनीतिबाट ओतप्रोत व्यक्तित्वहरू हुन आवश्यक हुन्छ । वास्तविक जीवनमा क्रान्ति किसान, मजदुर र उत्पीडित जनताको मुक्तिका लागि आवश्यक पर्ने भए पनि र केवल उनीहरूको सहभागितामा मात्र सम्पन्न हुने भए पनि सिद्धान्तनिष्ट व्यक्तिहरूको टिम र नेतृत्वबिना असम्भव हुन्छ । जब कुनै क्रान्तिकारीले मनगढन्ते, भावनात्मक, अनुभवजन्य विषयहरूलाई सिद्धान्तको जलप दिन खोज्छ तब त्यो वास्तवमा अवसरवादको दलदलमा पतन हुन पुग्छ, मनोगतवादको कुहिरोमा रुमल्लिन पुग्छ र अन्ततः त्यो उसको इच्छाभन्दा बाहिर संशोधनवादको पुच्छर समात्न पुग्छ ।

चुनावमा भाग लिनुपर्छ भनेर तर्क गर्ने कमरेडहरूले आफ्नो तर्कलाई बलियो बनाउने नजिरका रूपमा रुस, जर्मनी, नेपाललगायत कैयौँ देशहरूमा भएका चुनावका अनुभवहरूको सहायता लिनुभएको छ । अहिले चुनावको उपयोग गर्नु भनेको के लेनिनले दुमामा भाग लिएको वा नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र) ले २०४८ सालको चुनावमा भाग लिएको वा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले २०६४ सालमा चुनावमा भाग

> सर्वोच्च अदालतमा हुने कानुनी बहसभन्दा तिखो र पेचिलो बहस राजनीतिमा अवश्य हुने गर्छ जुन बहसको तुफान हाम्रो पार्टीमा अहिले चल्न थालेको छ । आफ्नै हातमा कम्प्युटर र प्रिन्टर राख्नुभएका महासचिवले सचिवालय र केन्द्रीय समितिमा पार्टी दर्ता नगर्ने र चुनावमा पनि नजाने विषयलाई दस्तावेजमा ।पार्टी दर्ता गरेर चुनाव उपयोग गरिनेछैन भनेर लेख्नुभयो, त्यही कपी छापेर वितरण पनि भए र अहिले घुमाउरो तरिकाले तर्क गरिँदैछ, पार्टी दर्ता नगरीकन त चुनाव उपयोग गर्न दस्तावेजले कहाँ छेकेको छ र ! अनि राजनीतिक सिद्धान्तको सामान्य ज्ञान हुने जोकोहीलाई पनि राम्रो जानकारी हुनुपर्ने विषय हो- पार्टी चुनावमा नजानु भनेको केन्द्रीय समितिका सदस्यहरु (पदाधिकार ीसहित) र जिल्ला समितिका सदस्यहरु (निश्चित रुपमा पदाधिकारीसहित) चुनावमा उम्मेदवार नउठ्नु हो किनभने पार्टी भनेकै केन्द्रीय समिति र जिल्ला समिति हो ।

लिएजस्तो हो ? बिल्कुल होइन । हरेक नेताहरूले इतिहासको सत्यलाई तोडमोड गरेर होइन, ठीक किसिमले र जस्ताको तस्तै बुझ्न आवश्यक हुन्छ । लेनिनले दुमाको उपयोग गर्दा रुसमा पहिलोपटक दुमाको स्थापना भएको थियो, रुसी जनतामा दुमाप्रति अझै व्यापक भ्रम थियो र क्रान्तिकारी कम्युनिस्टविरुद्ध दुमाको उपयोगपछि हत्या गर्नेदेखि १९८० को दशकपछि कम्युनिस्टहरूलाई नैतिक रूपमा विचलित गर्ने साम्राज्यवादी नीतिहरू बनिनसकेको अवस्था थियो । त्यो अवस्थामा चुनावको उपयोग गर्नु लेनिनका लागि जनतालाई संसदीय भ्रमप्रति स्पष्ट गर्ने सही नीति हुन सक्थ्यो र त्यो सैद्धान्तिक रूपमा सही हुन्थ्यो । त्यसले क्रान्तिकारी आन्दोलनलाई यसकारण मद्दत गर्थ्यो- जनताले संसद्बारे फैलिएका भ्रमबाट स्पष्ट हुन पाउँथे तर गजबको कुरा त के छ भने हाम्रा चुनवपरस्त कमरेडहरूले 'चुनावलाई हाम्रो नेतृत्वमा परीक्षण गर्न दिनुपर्‍यो' भन्नुभएको छ र 'नयाँ कार्यनीति अपनाउँदा सहकर्मी कमरेडहरूमा तरङ्ग पैदा गरेको अवस्था' भन्नुभएको छ । ऐतिहासिक पृष्टिमा हामी प्रस्ट रूपमा देख्छौँ- क्रान्तिकारी सिद्धान्तको क, ख पढेको कुनै पनि कम्युनिस्टले लेनिनले चुनावको उपयोगपछि अहिलेसम्मको एक शताब्दीमा संसारभरमा दस हजारभन्दा बढी चुनावी परीक्षणहरू भएका छन् जसमा इन्डोनेसिया, चिलीलगायत सयौँपटक प्रताडनापूर्ण अनुभवहरू हासिल भएका छन् । नेपाल, भारतलगायत सातै महादेशका सयौँ देशहरूमा चुनावी राजनीतिमा प्रवेश गरेका कम्युनिस्टहरूको लाखौँपटक नैतिक पतनका घटना छन् । कुनै पनि वैज्ञानिकले कुनै पनि विषयमा परीक्षण त्यतिन्जेल जारी राख्छ जति बेलासम्म त्यसको सत्य तथ्य पत्ता लाग्दैन । जब त्यसको सत्यतथ्य पत्ता लागिसक्छ, त्यही परिणामका लागि पुनः परीक्षण गर्नु बच्काना खेल र समयको बर्बादीबाहेक केही हुँदैन । समाजवादी वैज्ञानिकहरूको हकमा पनि यही कुरा सत्य हो । संसदीय चुनाव हजारौँपटक परीक्षण भैसकेका कारण यसको पुनर्परीक्षणको माग गर्नु संसद्वादमा प्रवेश गर्ने अन्धकार सुरुङको यात्रा तय गर्नु हो । नेपाली कम्युनिस्ट आन्दोलनमा यसको कुनै आवश्यकता छैन । त्यसकारण नेपालमा पहिलोपटक र नयाँ कार्यनीतिको वकालत गर्नु कि इतिहासप्रतिको अनविज्ञता हो वा तथ्यमाथिको तोडमरोड । यस्ता कमजोरीहरू कम्युनिस्टका नाममा दुनियाँका तमाम उपभोगवादीहरूले गर्दै आएका छन्, परन्तु कम्युनिस्टका लागि गोन्जालोको यो भनाइ मननयोग्य छ : 'अनुभवहीन अवस्थामा गल्ती प्रत्येक कम्युनिस्टले गर्न सक्छन् तर जे कुरा गलत हो भन्ने सिद्ध भइसकेको छ त्यसलाई कम्युनिस्टले अनुभव गरिरहँदैन ।' यसको तात्पर्य हुन्छ- गलत हो भन्ने सिद्ध भैसकेका मुद्दामा कुनै कम्युनिस्ट फेरि परीक्षणमार्फत गल्ती गर्न चाहन्छ भने त्यो वास्तविक अर्थमा कम्युनिस्ट हुन सक्दैन ।

अहिले हामीले जे चर्चा गर्न विवश हुनुपरेको छ त्यो विषय पार्टीको महासचिव र प्रवक्ताका बारेमा बाहिर उठ्नु हुँदैनथ्यो तर केन्द्रीय समितिको निर्णयविपरीत महासचिब र प्रवक्ताले सार्वजनिक रूपमा पार्टीको प्रतिष्ठामा आँच पुग्ने गरी संसद्परस्त गतिविधि बढाएको कारण त्यसलाई सफा गर्न आवश्यक बन्यो । हुनत महासचिब आफैँले भित्री प्रशिक्षणबाहेक सार्वजनिक रूपमा पार्टीको केन्द्रीय समितिको निर्णयविपरीत बयानबाजी गरेको भेटिएको छैन तर यो काम लगातार रूपमा प्रवक्तामार्फत हुने गरेको छ । कुनै पनि राजनीतिक दलको सामान्य सङ्गठनात्मक सिद्धान्तमा दलको प्रमुख- अध्यक्ष वा महाचिव वा सभापति- केन्द्रीय समितिको समुच्च अभिव्यक्ति हुन्छ, हाम्रो पार्टीमा महासचिव त्यो प्रमुख हो । सार्वजनिक स्थानमा पहुँच सरल बनाउनका लागि प्रमुखको प्रतिनिधित्व गर्ने प्रवक्ता राखिएको हुन्छ र प्रवक्ताका हरेक अभिव्यक्ति, आचरण र व्यवहारलाई प्रमुखको आधिकारिक अभिव्यक्तिका रूपमा हेरिन्छ । प्रमुख केन्द्रीय समितिको समुच्च प्रतिनिधि हुने र प्रमुखको प्रतिमूर्ति प्रवक्ता हुने भएकाले प्रवक्ताका हरेक अभिव्यक्ति र व्यवहारहरू सिङ्गो केन्द्रीय समितिको अभिव्यक्ति र व्यवहार हुन पुग्छन् । त्यसकारण मानिसले राजनीतिक पार्टीको प्रवक्ताका हरेक भनाइ र व्यवहारलाई सिङ्गो केन्द्रीय समितिको विचार, आचरण, नीति र नियमको प्रतिनिधिका रूपमा हेर्छन् । केन्द्रीय समितिको बैठकदेखि अहिलेसम्म आउँदा हाम्रो पार्टीका प्रवक्ताबाट भएका कतिपय चुनावपरस्त राजनीतिक गतिविधिले हाम्रो पार्टीका महासचिवको राजनीतिक दशा अभिव्यक्त भएको छ र त्यसले केन्द्रीय समितिको राजनीतिक दशा सार्वजनिक भएको छ । प्रवक्ताका संसद्परस्त राजनीतिक कदमहरू नजानिँदो तरिकाले क्रान्तिकारी आवरणमा अभिव्यक्त भएका छन् तर सङ्गठनको सर्वोच्च अभिव्यक्ति महासचिव हुनु र प्रवक्तामार्फत महासचिव चुनावपरस्त देखिनुले कहीँ सिङ्गो पार्टी नै संसद्परस्त भएको त होइन ? भन्ने भ्रम देशभर फैलिएको छ ।

अब यो तथ्य सार्वजनिक रूपमा उजागर गर्न कुनै हिच्किचाहट गर्नुपर्ने अवस्था रहेन- प्रवक्ताको निर्वाचन आयोगमा भएको दौडधूप र पार्टीको नीतिविपरीत चुनावमा भाग लिने वा उपयोग गर्ने सार्वजनिक अभिव्यक्ति, सरकार प्रमुख र प्रतिपक्ष प्रमुखसँग भएका छलफल र भनिएका भित्री र बाहिरी सहमतिहरूले संसद्परस्त राजनीतिक गतिविधिहरू पर्याप्त रूपमा प्रकट भइसकेका छन् र तिनले पार्टीको नीति, विधि र पार्टीको निष्ठा र प्रतिष्ठामा ठूलो आघात पुऱ्याएका छन् । साथै यो तथ्य पनि सार्वजनिक गर्न कुनै आनाकानी गर्नुपर्ने अवस्था रहेन, प्रवक्ताका कदमहरूमा महासचिवको समर्थन र ऐक्यबद्धता रहने गरेको छ र यो संसद्परस्त नीति केवल प्रवक्ताको व्यक्तिगत विषय नभएर महासचिवको राजनीतिक स्पिरिटसमेत समावेश भएको छ । प्रवक्ता र महासचिव दुवैका गतिविधिले सिङ्गो नेपाली जनतामा 'कतै नेपाल कम्युनिस्ट पार्टी संसदीय राजनीतिमा प्रवेश गरेको त होइन ?' भन्ने भ्रमहरू पैदा भएका छन् । अहिले भ्रमको स्तरमा रहेको सच्चाइ सतहमा देखिन र संसद्परस्त राजनीति अपनाउनुपर्ने बाध्यता आउनुका पछाडि कुन जादुले काम गरेको होला भन्ने रहस्य सार्वजनिक हुन परासरको पर्दा उत्रिन्जेल प्रतीक्षा गर्नैपर्ने छ ।

पार्टीको केन्द्रीय समितिले भीषण बहस गरेको र एकमतले पारित गरेको नीति पार्टी चुनावमा नजाने हो, पार्टी दर्ता पनि नगर्ने हो । दाहोऱ्याइरहन आवश्यक छैन, पार्टीलाई संसदीय कानुनमा दर्ता गर्नु वा दर्ता नै नगरीकन यथास्थितिमा अथवा अहिलेको अवस्थामा चुनावको उपयोग गर्न लैजानु संसद्वादभित्र प्रवेश गर्नु हो जुन क्रान्तिकारी आन्दोलनमा सबैभन्दा घातक परिघटना हुन पुग्छ । साथै केन्द्रीय समितिले पारित गरेको अर्को निर्णय विगतको चुनाव बहिष्कारको जस्तो जनतालाई भोट दिनबाट नरोक्ने पनि हो । त्यसका लागि साम्राज्यवादविरोधी, राष्ट्रघाती एमसीसीविरोधी, दलाल पुँजीवादी सत्ताको विरोध गर्ने, जनपक्षीय आचरण देखाउने महिला, किसान, मजदुर, बुद्धिजीवीको क्षेत्रबाट उठेका व्यक्तिहरूलाई स्थानीय पार्टीले निर्क्योल गरेर समर्थन गर्न सकिने हो । साथै पार्टीबाट कोही पनि उम्मेदवार हुन चाह्यो भने स्वतन्त्र उम्मेदवारका रूपमा प्रस्तुत हुने हो र पार्टीको मूल कार्यनीति वैज्ञानिक समाजवादी व्यवस्थाको फैसला गर्नका लागि जनमतसङ्ग्रहको विषयलाई व्यापक रूपमा प्रस्तुत गर्ने हो । यो कुरा स्पष्ट छ ।

अब रोचक प्रसङ्ग हेरौँ, सर्वोच्च अदालतमा हुने कानुनी बहसभन्दा तिखो र पेचिलो बहस राजनीतिमा अवश्य हुने गर्छ जुन बहसको तुफान हाम्रो पार्टीमा अहिले चल्न थालेको छ । आफ्नै हातमा कम्प्युटर र प्रिन्टर राख्नुभएका महासचिवले सचिवालय र केन्द्रीय समितिमा पार्टी दर्ता नगर्ने र चुनावमा पनि नजाने विषयलाई दस्तावेजमा 'पार्टी दर्ता गरेर चुनाव उपयोग गरिनेछैन' भनेर लेख्नुभयो, त्यही कपी छापेर वितरण पनि भए र अहिले घुमाउरो तरिकाले तर्क गरिँदैछ, पार्टी दर्ता नगरीकन त चुनाव उपयोग गर्न दस्तावेजले कहाँ छेकेको छ र ! अनि राजनीतिक सिद्धान्तको सामान्य ज्ञान हुने जोकोहीलाई पनि राम्रो जानकारी हुनुपर्ने विषय हो- पार्टी चुनावमा नजानु भनेको केन्द्रीय समितिका सदस्यहरू (पदाधिकारीसहित) र जिल्ला समितिका सदस्यहरू (निश्चित रूपमा पदाधिकारीसहित) चुनावमा उम्मेदवार नउठ्नु हो किनभने पार्टी भनेकै केन्द्रीय समिति र जिल्ला समिति हो । संसारका कुनै पनि देशमा कुनै पनि नामका दलहरू भए पनि त्यो दल भनेको केन्द्रीय समिति र जिल्ला समितिको नीतिगत एकता हो । परन्तु हाम्रो पार्टीका कतिपय नेताहरू चुनाव उपयोगका लागि मरिमेटी लाग्नुभएको छ, पार्टी दर्ता गर्ने हदम्याद सकिँदा पनि दर्ताका लागि लालायित हुनुभएको छ, चुनावी गठबन्धन बनाउन पहल गर्ने अभियानमा टुप्पी कसेर लाग्नुभएको छ । के यी गतिविधिहरू पर्टीको बाह्रौँ केन्द्रीय समितिले पारित गरेका ऐतिहासिक नीतिविपरीत होइनन् ? जब स्वयम् महासचिव र प्रवक्ता पार्टीको नीतिविपरीत देखिनुहुन्छ, अनुशासनको पालन हुँदैन, त्यस्तो पार्टीप्रति जनताको विश्वास कसरी पैदा होला ? सार्वजनिक रूपमा देखिएका यी समस्याहरूले जनतामा निश्चित रूपमा विभ्रम पैदा गरेका छन् जसको सफाइ गर्न हर्कुलसलाई अगवीको तबेला सफा गर्नुभन्दा कैयौँ बढी तागत हाम्रो पार्टीका नेता-कार्यकर्ताले लगाउनै पर्ने छ ।

अब यसप्रकारको राजनीतिक समस्याको समाधानको बाटो के हो ? फेरि पनि त्यसको सही जबाफ र सही व्यावहारिक बाटो हो केन्द्रीय समितिको बैठकले स्थापित गरेको विचारको सर्वोच्चतालाई पछ्याउनु, अत्यधिक बहुमतले स्थापित गरेको विचार जसले कमसेकम पार्टीको जीवन बचाएको छ, सिद्धान्तको दियो धप्काएको छ, त्यसको उज्यालोमा क्रान्तिको बाटो पहिल्याउने प्रयत्न गर्नु र हुँदै गरेका नकारात्मक अनुभवहरूको गम्भीर समीक्षा गर्दै भविष्यमा कमजोरीबाट बच्ने प्रयत्न गर्नु । त्यसका लागि पार्टीका नेताहरूले एउटा कठोर कदम त उठाउनैपर्छ त्यो हो, केन्द्रीय समितिले पारित गरेको निर्णयका विरुद्ध जेजे गतिविधिहरू भएका छन्, त्यसलाई निर्ममतापूर्वक विधिवत् रूपमा सच्याउनु र जनताले बुझ्ने र विश्वास गर्ने गरी व्यवहारमा देखाउनु । वास्तवमा हामीले यो तथ्यलाई यतिबेला पनि गम्भीर रूपमा मनन गर्नु आवश्यक छ, हाम्रो पार्टीमा जेजति राजनीतिक नोक्सान भएको छ, त्यो हाम्रो पार्टी जीवन, शैली र संस्कृतिसँग जोडिएका परम्परागत परिशिष्ट (लुर्कन) हरूको नोक्सान हो । मार्क्सले भन्नुभएजस्तै कुनै पनि क्रान्तिकारी पार्टी यसप्रकारका सयौँ गल्ती र कमजोरीबाट नगुज्रीकन विजयको मञ्जिलसम्म पुग्न सक्दैन । यी कमजोरीहरूलाई सच्याउने प्रक्रियाले मात्रै पार्टीलाई एकताबद्ध गर्नेछ, जनताको विश्वास पुनर्स्थापित गर्नेछ र फेरि पनि गुमेको पार्टीको प्रतिष्ठा पुनर्प्राप्ति हुनेछ ।

८ वैशाख, २०७९

# नेपाल कम्युनिस्ट पार्टीको चुनाव प्रयोगको कार्यनीतिले उत्पन्न गरेको अवस्था

दीर्घप्रसाद पाण्डे

*नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको बाह्रौँ बैठकले चुनावसम्बन्धी पास गरेको एजेन्डामा स्थानीय निर्वाचनमा पार्टीले भाग नलिने राष्ट्रद्रोही एमसीसी पक्षधर दलालहरूका विरुद्ध स्वतन्त्र रूपमा उठेका राष्ट्रप्रेमीहरूलाई मतदान गर्न सकिने हो । यसमा महासचिवलगायत कसैले पनि यताउता गर्ने छूट छैन । यो अल्पकालीन कार्यनीति हो । यो कार्यनीति गलतै भए पनि पुनः बैठकले मूल्याङ्कन गरेर सही कार्यनीति पास गर्न सकिन्छ । पार्टी दर्ता गर्न अवसर खोज्ने प्रवृत्ति र एउटा कार्यनीतिमा मतभिन्नता भयो भन्दैमा पार्टी पुनर्गठनको कुरा गर्दै हिँड्ने दुवै अराजकतावादका पराकाष्टा हुन् । दृढताका साथ सबैले केन्द्रीय समितिको निर्णयलाई कार्यान्यन गरौँ । तर्क-कुतर्कहरू बन्द गरौँ । एकताका साथ अघि बढौँ ।*

नेपाल कम्युनिस्ट पार्टीको १२ औँ केन्द्रीय समितिको बैठक कपिलवस्तुको शिवगढीमा गत चैत ४ गतेबाट सुरु भै ९ दिनसम्म सञ्चालन भएर सम्पन्न भएको छ । उक्त बैठकमा महासचिव क. विप्लवले स्थानीय चुनाव प्रयोगको दस्ताबेज पेस गरेपछि पार्टीभित्र ८ रेक्टरको भुइँचालो आयो । केही कमरेडले सहर्ष स्वीकार गरे पनि ठूलो सङ्ख्यामा हलचल पैदा भयो । धेरै सदस्यहरूबाट चुनावको प्रयोगले पार्टी दक्षिणपन्थी धारमा जानसक्ने भन्दै चिन्ता व्यक्त भए । महासचिवलाई दस्ताबेजमा परिवर्तन गर्न आग्रह गरियो । बाहिर हल्ला भएजस्तो अर्को कुनै दस्ताबेज पेस भएको थिएन । दस्ताबेजमाथि बोल्ने क्रममा सचिवालय सदस्यहरूबाटै स्थानीय चुनाव बहिष्कार गरेर जानुपर्छ । चुनावैमा भाग लिने भए राष्ट्रपतीय चुनाव पद्धतिको माग गरेर जानुपर्छ आदि कुराहरू आए । अन्तिममा महासचिवले हलमा प्रयोग भएको खुला जनवादको कदर गर्दै आफ्नो दस्ताबेज परिमार्जनसहित पेस गर्नुभयो । परिमार्जित दस्ताबेजमा पार्टीले निर्वाचन आयोगमा पार्टी नै दर्ता गरेर चुनावमा भाग नलिने तर दलाल संसदीय व्यवस्थाका प्रतिनिधिका विरुद्ध स्वतन्त्र रूपमा उठ्ने पार्टी वा बाहिरका स्वतन्त्र उम्मेदवारलाई भोट दिन जनतालाई छूट दिने भन्ने प्रस्ताव सर्वसम्मतिले पास भयो । राष्ट्रियता, जनतन्त्र, जनजीविकाका सवालमा एक हुनसक्ने शक्तिहरूसँग कार्यगत एकता कायम गर्दै दलाल संसदीय व्यवस्थाको भन्डाफोरमा जोड दिने निर्णय सर्वसम्मत रूपमा भएको हो । यही नै सत्य हो र सबै पार्टीपङ्क्ति यसैमा केन्द्रित हुनुपर्ने हो । पार्टीभन्दा बाहिरबाट टीकाटिप्पणी हुने कुरा स्वाभाविक नै हुन् तर पार्टीभित्रबाट पार्टीको केन्द्रीय समितिको निर्णयविरुद्ध बैठकमै उपस्थित सदस्यहरूबाट यो वा त्यो रूपमा विरोधका आवाजहरू उठ्नुले राम्रो सङ्केत गर्दैन ।

सही कार्यनीति निर्माण गर्न विगतको इतिहासबाट पाठ सिक्नुपर्छ । राणाशाहीविरुद्ध संस्थागत रूपमा स्थापना भएको नेपाल प्रजापरिषद् नामको पार्टी अहिले अस्तित्वमै छैन । राणाहरूले माफी माग भन्दा आफ्नो उद्देश्य प्राप्तिका लागि सहिद बन्न तयार गङ्गालाल, शुक्रराज, धर्मभक्त, दशरथ चन्दजस्ता आत्मत्यागी भएको पार्टी किन इतिहासको गर्भमा गयो ? दिल्ली सम्झौताबाट सरकारमै स्थापित राणाहरूको किन अहिले राजनीतिमा शून्यता छ ? संसद्को पुनर्स्थापना पनि सम्झौतैबाट भएको हो । तीस वर्षसम्म एकछत्र रजाइँ गर्ने पञ्चहरू अहिले किन सत्ता सरकारमा छैनन् ? । जनयुद्धको माओवादी र सात दलबीचको सम्झौताबाट १९ दिने जनआन्दोलन भएको हो । यसले संविधानसभाको चुनावको वातावरण बनाएको हो । संविधानसभाको चुनाव काङ्ग्रेसको नेतृत्वमा भएको हो । यही संविधानसभाको चुनावबाट जनताले काङ्ग्रेसलाई सत्ताबाहिर फ्याँकिदिएका होइनन् । कुन कारणले अहिले काङ्ग्रेस सत्ताको केन्द्रमा पुग्न सक्ने भयो ? २५० बर्षसम्म ईश्वरीय शक्तिका रूपमा राज्य गर्ने राजतन्त्र र त्यसका राजा ज्ञानेन्द्र अहिले जोगी जसरी मठमन्दिरहरू घुम्दै दिन बिताउने कसरी भए ? उनको राजनीतिमा कुनै अस्तित्वसमेत किन छैन ? । विश्व कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्न प्रचण्ड भएर अघि बढेका पुष्पकमल दाहाल अहिले किन काङ्ग्रेस एमालेहरूसँग मिलेर एमसीसीजस्तो राष्ट्रघाती सन्धि पास गर्न पुगे ? किन स्थानीय चुनावमा काङ्ग्रेसलगायत घोर प्रतिक्रियावादीहरूसँग गठबन्धन गर्न पर्ने स्थितिमा पुगे ? नेपालका राजा वा प्रधानमन्त्रीको औपचारिक भारत भ्रमण हुँदा घोडा, बग्गीसहित स्वागतका लागि भारतका प्रधानमन्त्रीको उपस्थिति हुन्थ्यो । अहिले नेपालका प्रधानमन्त्रीको औपचारिक भारत भ्रमण हुँदा किन नोकरलाई आफ्नो घरसम्मको बाटो देखाउन मानिस पठाएजसरी राज्यमन्त्रीले स्वागत गर्ने स्थितिमा नेपाल पुग्यो ? नेपालका प्रधानमन्त्रीको स्वागतमा राज्यमन्त्री आउँछ तर भारतको सहसचिब स्तरको राजदूतको बिदाइ गर्न नेपालका बाहालवाला प्रधानमन्त्रीसहित भूपू प्रधानमन्त्रीहरूको लर्को किन लाग्छ ? दलाल भ्रष्टहरूलाई कारबाही गर्दा प्रतिबन्धमा परेको नेपाल कम्युनिस्ट पार्टीले आफ्ना बाह्रजना सदस्यहरू गुमाएर दुई वर्षभित्रमा किन सरकारसँग ३ बुँदे सम्झौता गरी खुला हुनुपऱ्यो ? यी सबै प्रश्नको सही उत्तर पत्ता नलगाएसम्म सही कार्यनीति निर्माण गर्न सकिँदैन । सायद महासचिव विप्लवले यसैको मूल्याङ्कन गरेर दस्ताबेज पेस गरेका हुन सक्छन् । यी सबै प्रश्नको विस्तृत उत्तर दिँदा पुस्तक नै तयार हुन्छ । यो सानो लेखमा त्यो सम्भव छैन । तैपनि काङ्ग्रेस र कम्युनिस्टका बारेमा केही कुरा लेख्दा धेरै उत्तर थाहा पाउन सकिन्छ ।

विसं. २००० को पहिलो दशकमा भिन्नभिन्न दर्शन र विचारका नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी दुई ध्रुवका पार्टीहरू स्थापना भएका थिए । नेपाली काङ्ग्रेसको अन्तर्राष्ट्रिय सम्बन्ध पुँजीवादसँग थियो । यति बेला विश्व पुँजीवादले आफ्नो प्रगतिशील चरित्र गुमाइसकेको थियो । सर्वहारा मजदुर, किसान, उत्पीडित वर्गको सहायता लिएर सामन्तवादसँग लडी विजय भएको पुँजीवादले उत्पीडितलाई सत्ताको हिस्सा दिनुको सट्टा सामन्तवादसँग सम्झौता गरी प्रतिक्रियावादमा पतन भएको थियो । पुँजीवादले त्यसपछि जनबलमा होइन, भाडाका सैनिकको बलमा विश्वभर उपनिवेश कायम गर्न अघि बढ्दा दुई विश्वयुद्धहरू भएका थिए । राणाहरूको सम्बन्ध बेलायतसँग थियो । अङ्ग्रेजले विसं १८७२ मा नेपाललाई सुगौली सन्धिबाट आफ्नो अधीन बनाएको थियो । अङ्ग्रेज भारतबाट जाँदा सुघौली सन्धि खारेज हुन सक्थ्यो तर स्वतन्त्र भारतले पनि यस सन्धिमाथि १९५० को असमान सन्धि राणा शासनसँग गऱ्यो । राणाहरूले पनि आफ्नो शासन कायम राख्न यो सन्धिलाई स्वीकारे । जब भारतीय शासकले पुँजीपन्थी नेपाली काङ्ग्रेसलाई साथ दियो । राणाहरूको अन्तर्राष्ट्रिय सम्बन्ध खतम भयो र दिल्ली सम्झौता गर्न बाध्य भए । नेपालमा पुँजीवादको विकास नभएकाले नेपाली काङ्ग्रेसको जन्म सामन्तवाद र पुँजीवादको ठिमाहा दलाल पुँजीवादका रूपमा भयो । नेपाली काङ्ग्रेसलाई राष्ट्रियता कहिल्यै चाहिएन । के भौगोलिक, के धर्मिक, के सांस्कृतिक, के सामाजिक, के आर्थिक, सबैमा नेपाल-भारत समान छन् । नेपाल छुट्टै राज्य हुनुपर्ने कुनै कारण छैन । भारत संयुक्त राष्ट्रसङ्घको सदस्य भएपछि नेपालका लागि छुट्टै सदस्यता आवश्यक छैन । नेपाल भारतको एक प्रान्त भए पुग्छ भन्ने काङ्ग्रेस भारतको दलाल पार्टीको रूपमा स्थापना भएको थियो । २००७ सातदेखि हालसम्म यो पार्टी भारतको आशीर्वादमा चलेको छ । स्वयम् राजा त्रिभुवनले नेपाल अब गणतन्त्र नेपाल हुनेछ भन्दा पनि यसले गणतन्त्र नेपाल कहिल्यै भनेन । यसले नेपालको राष्ट्रियतामाथि सधैँ खेलबाड गरेको छ । कोसी, गण्डकी, महाकाली नदीहरू भारतलाई बुझाएको छ । सुस्ता, कालापानी, लिपुलेक लिम्पियाधुराका बारेमा चुइँक्कसम्म बोल्दैन । अन्तर ष्ट्रिय सम्बन्ध नभएकाले प्रजापरिषद्, राणा, पञ्च, राजासमेत सदाका लागि नेपालको शासन सत्ताबाट बिदा भए । नेपाली काङ्ग्रेसलाई संविधानसभाबाट जनताले साइजमा ल्याएका थिए । कम्युनिस्टहरूको नालायकीले अहिले सत्ताको केन्द्र बिन्दुमा आइपुग्यो ।

नेपाल कम्युनिस्ट पार्टी पनि नेपालको मौलिक पार्टी होइन, यो पनि विश्व कम्युनिस्ट आन्दोलनको एक हिस्सा हो । विसं १८७२ को सुगौली सन्धि सन् १९५० को असमान सन्धि र दिल्ली सम्झौताको विरोध गरेर यो पार्टी नेपालमा स्थापित भएको थियो । नेपाली जनतालाई सामन्तवाद , विश्व-साम्राज्यवाद र भारतीय विस्तारवादको जुवाबाट मुक्त गरेर नेपालमा वैज्ञानिक सामाजवाद स्थापना गर्ने मुख्य लक्ष्यका साथ स्थापना भएको थियो । पार्टी स्थापना र विश्व कम्युनिस्ट आन्दोलनमा संशोधनवाद सँगसँगैजस्तो भयो । कम्युनिस्ट पार्टीमा पनि बुर्जुवाहरू नेतृत्वमा पुगे । यस्तो काल २०२५ सालसम्म रह्यो । २०२५ सालमा क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्न क. पुष्पलालले प्रयत्न गरेका थिए । उनको प्रयत्न सफल हुन सकेन ।

२०२८ सालमा झापा कोअर्डिनेसन कमिटी र केन्द्रीय न्यूक्लियस नामका दुई पार्टी स्थापना भए । उग्र क्रान्तिकारी रूपमा जन्मेको झापाली समूहले सुरुमा क्रान्तिकारी गतिविधि गरेता पनि निरन्तरता दिन सकेन । २०३४ सालमा अन्य क्रान्तिकारी समूहहरूसँग एकता गरी अखिल नेपाल कोअर्डिनेसन कमिटी (माले) गठन गर्न पुग्यो । सही नीति, कार्यक्रम पनि बनायो । तर २०३७ सालमा पञ्चायतको क्रान्तिकारी उपयोग भनेर चुनावमा गएको यो पार्टी फेरि कम्युनिस्ट सिद्धान्तमा फर्केन । चौथो महाधिवेशनमा जनताको बहुदलीय जनवाद पास गरी काङ्ग्रेसकै जुत्तामा खुट्टा राख्न पुग्यो र काङ्ग्रेसको विकल्पको पार्टी बन्न पुग्यो । पछि अन्य संशोधनवादी पार्टीहरूसँग एकता गरी एमाले बन्यो । यसरी यो पार्टी जनताको बहुदल भन्दै दलाल पुँजीवादी बाटोमा गयो ।

केन्द्रीय न्युक्लियसबाट मसाल, मशाल, एकताकेन्द्र हुँदै माओवादी बनेको एक हिस्साले दस वर्षसम्म जनयुद्ध सञ्चालन गर्न सफल रह्यो । दसौँ हजार सहिद, हजारौँ बेपत्ता, लाखौँ घाइते भए पनि क्रान्ति निरन्तरतामा थियो । संविधानसभाको कार्यनीतद्वारा यो पार्टी सरकारमा आयो । त्यसपछि मुख्य नेतृत्व क्रान्तिमा अघि बढ्न सकेन । क्रान्तिकारीहरूले पार्टी पुनर्गठन गरेर ड्यास माओवादी गठन गरे । ड्यास माओवादी पनि अकर्मण्यतामा गयो भनेर विप्लवको नेतृत्वमा पुनः पुनर्गठन भएको पार्टी हो नेपाल कम्युनिस्ट पार्टी । माओवादीको मुख्य नेतृत्वमा रहेको हिस्साले सातौँ महाधिवेशन गरी शान्ति, संविधान र समृद्धिको लाइन पास गरेर एमाले काङ्ग्रेसकै बाटोमा लाग्यो ।

पार्टीको जन्मकालदेखि २०३६ को विशेष परिस्थितिमा भएको जनमतसङ्ग्रह, पुनर्स्थापित २०४८ सालको संसद्को चुनाव र पहिलो संविधानसभाको चुनावबाहेक सबै चुनाव बहिष्कार गर्दै आएको यो पार्टीमा स्थानीय चुनाव प्रयोगको कार्यनीति आउनुले तरङ्ग ल्याउनुमा अस्वाभाविक मान्न सकिन्न । गतको चुनाव बहिष्कार गर्दै भ्रष्टहरूमाथि जनकारबाही गर्दा प्रतिबन्धमा परेको ,प्रचण्डलाई प्रचण्ड बनाउन आफन्त गुमाएकाहरू, प्रत्यक्ष ढाल बनेर कैयौँ युद्धमा प्रचण्डको भौतिक शरीरको समेत रक्षा गरेका विप्लवलगायत योद्धाहरूलाई खोजीखोजी मार्न प्रचण्डकै पार्टी अघि आयो । मलाई मार्न विप्लवले मानिसहरू खटाएको छ भनेर प्रचण्डले विप्लवलाई आतङ्कवादी घोषणासमेत गरे । अन्य सबै संसदीय पार्टीहरू नेपाल कम्युनिस्ट पार्टीलाई सखाप पार्न अघि बढे । बाह्रजना सहिद नै भए । हजारौँ गिरफ्तारीमा परे । लगभग हजार जनाजति जेलमा परे । क्रान्तिलाई निरन्तरतामा अघि बढाउँदै गएमा आफैँ खतम हुने स्थिति भएकाले बाध्यताले सरकारसँग तीनबुँदे सम्झौता गरेको हुनसक्छ । अहिले नेपाल कम्युनिस्ट पार्टीलाई रणनीतिमा दृढता र कार्यनीतिमा लचकता अपनाउन बाध्यता छ ।

नेपाल कम्युनिस्ट पार्टी र नेतृत्वले मार्क्सले प्रतिपादन गरेको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद, वर्गसङ्घर्ष, बल प्रयोगको माध्यमले सत्ता कब्जा, वैज्ञानिक समाजवाद, लेनिनले जस्तै नयाँ परि स्थितिमा मार्क्सवादको प्रयोग, जनवादी केन्द्रीयता, रणनीतिमा दृढता कार्यनीतिमा लचकता, माओले भनेअनुसारको पार्टी संयुक्त मोर्चा, जनसेना निर्माण र निरन्तर क्रान्तिको नीतिमा कुनै संशोधन नगरेसम्म सशङ्कित हुन कुनै जरुरत छैन ।

लेनिनले भनेअनुसार सर्वहारा वर्गसँग आफ्नो सङ्गठनबाहेक अन्य ठूलो हतियार हुँदैन । मार्क्सका अनुसार सिद्धान्त पनि भौतिक हतियार हुन्छ जब सिद्धान्तले आममानिसहरूलाई वशीभूत गर्न सक्छ । त्यसबेला मात्र सिद्धान्तले जनतालाई वशीभूत गर्न सक्छ जब त्यसले जनताहरूका आधारभूत आवश्यकताहरू पूरा गर्न सक्दछ भनेका छन् । लेनिनले एक सुदृढ, सुसङ्गठित र केन्द्रबद्ध पार्टीको सिर्जनालाई ठूलो महत्व दिएका थिए । उनको विचारमा सङ्गठन दुई भागमा बाँडिनुपर्थ्यो । क्रान्तिप्रति पूर्णतः बफादर केही पेसेवर क्रान्तिकारीहरूमा नै सीमित पहिलो भागका साथसाथै पार्टीका बहुसङ्ख्यक सदस्यहरू भएका यत्रतत्र फैलिएका स्थानीय पार्टी सङ्गठनको पूरा जाल भएको दोस्रो भाग बन्नुपर्छ भन्ने उनको विचार थियो । स्थानीय पार्टी जाल निर्माण गर्न स्थानीय सङ्घ सङ्गठन कलब, बिमा सस्थाहरूको चुनावमा पार्टीले बिनाहिचकिचावट रूपमा भाग लिनुपर्छ भन्दथे । नेपाल कम्युनिस्ट पार्टीको केन्द्र र जिल्लासम्म दस वर्ष जनयुद्ध लडेर त्यसपछि पन्ध्र वर्षसम्म क्रान्तिकारी पार्टी निर्माणमा लागेको लेनिनले भने जस्तो सङ्गठनको पहिलो भाग मजबुत छ । सायद दोस्रो भाग कमजोर भएकाले जनतामा जान चुनावको कार्यनीति ल्याएको हुन सक्छ । स्थानीय चुनावमा पार्टीले भाग नलिने एमसीसीविरोधी, राष्ट्रवादी, जनवादीहरू दलालहरूका विरोधमा चुनावमा उठेमा उनीहरूलाई सहयोग गर्नसक्ने भनाइमा कहाँ संशोधनवाद देखिन्छ ।

लेनिनको जनवादी केन्द्रीयताको सिद्धान्तको लागू क्रान्तिकारीहरूबीच मात्र भएको देखिन्छ । दोस्रो महाधिवेशनमा लेनिन पहिलोपटकमै अल्पमतमा परेका थिए । बहुमतका आधारमा पार्टी कब्जा मार्तोभले गरेका थिए । पछिल्लोपटक मेन्सेभिकहरूका केही सदस्यहरूले महाधिबेशन बहिष्कार गर्दा लेनिनको बहुमत भएको थियो । मेन्सेभिकहरूलाई साधारण जानकारी मात्र बनाएर लेनिनले तेस्रो महाधिवेशन गरेका थिए । मेन्सेभिकहरूले छुट्टै महाधिवेशन गरिदिएपछि पार्टी फुटेको थियो । यहाँ लेनिनले कहाँ जनवादी केन्द्रीयतालाई पालन गरेको देखिन्छ । क्रान्तिको रक्षाका लागि उनले फुट पनि सहेका थिए । आफू अल्पमतमा पर्ने कुरा जान्दाजान्दै रसियाली जनवादी मजदुर पार्टीको चौथो महाधिवेशन एकता महाधिवेशन भएको थियो र लेनिन अल्पमतमा परेका थिए । अल्पमतमा रहेर पनि देशभरका पार्टी सङ्गठनहरूमा बोल्सेभिकहरू पुग्न सके । सही क्रान्तिकारी नीति, कार्यक्रम देशभरका सङ्गठनमा पुऱ्याउन सफल भए ।

फ्रेबुअरी क्रान्तिको समयमा लेनिनले सत्ता शोभियतलाई हस्तान्तरण गर भन्ने नारा लगाए जब कि सोभियतहरूमा लेनिन अल्पमतमा थिए । यस नाराले सोभियतहरू लेनिनतर्फ आकर्षित भए । लेनिनले छिटै यो नारा स्थगित गरेर सोभियतहरूमा काम गरे । सोभियतहरूमा आफ्नो बहुमत हुने देखेपछि सोभियतहरूको सम्मेलन आयोजना गरेर लेनिन बहुमतमा आएर पुनः सत्ता सोभियतलाई हस्तान्तरण गर भन्ने नारा ल्याए । चार महिनाभित्रमा बारम्बार नारा फेर्नु के यो क्रान्तिकारी देखिन्छ ? तर लेनिन यसरी नै अक्टुबरमा सत्ता आफ्नो हातमा ल्याउन सफल भए । कार्यनीतिमा लचकता भनेको यही हो । नेतृत्वप्रति शङ्का छैन भने नेतृत्वको हातखुट्टा बाँध्नु हुँदैन । बेलाबखत अदलबदल हुने कार्यनीतिमा शङ्का गर्नु हुँदैन । चुनावमा भाग लिने वा बहिष्कार गर्ने कार्यनीति मात्र सही देख्नु जडता हो । विगतको चुनाव बहिष्कार गर्दा भएको क्षति वा उपलब्धिको मूल्याङ्कन गरेको पाइएन ।

स्थानीय चुनाव प्रयोग गर्न जति कठिन छ निष्क्रिय बहिष्कार त्यति नै सजिलो छ । पार्टी केन्द्रीय समितिको बैठकमा बहिष्कार शब्द नै उल्लेख छैन भने बहिष्कारको नारा लगाउनु अराजकतावाद हो । स्थानीय चुनावमा भाग लिनु वा बहिष्कार गर्नु कार्यनीतिक सवाल हो । संसद्वादमा सुधारको कार्यनीति सबभन्दा घोर दक्षिणपन्थी बाटो हो । जान वा अन्जानमा संसदीय प्रणालीअन्तर्गत राष्ट्रपतीय शासनको एजेन्डा उठाउनु घोर दक्षिणपन्थी बाटो हो । यो कार्यनीति नभएर रणनीति बन्न पुग्छ । नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको बाह्रौँ बैठकले चुनावसम्बन्धी पास गरेको एजेन्डामा स्थानीय निर्वाचनमा पार्टीले भाग नलिने राष्ट्रद्रोही एमसीसी पक्षधर दलालहरूका विरुद्ध स्वतन्त्र रूपमा उठेका राष्ट्रप्रेमीहरूलाई मतदान गर्न सकिने हो । यसमा महासचिवलगायत कसैले पनि यताउता गर्ने छूट छैन । यो अल्पकालीन कार्यनीति हो । यो कार्यनीति गलतै भए पनि पुनः बैठकले मूल्याङ्कन गरेर सही कार्यनीति पास गर्न सकिन्छ । पार्टी दर्ता गर्न अवसर खोज्ने प्रवृत्ति र एउटा कार्यनीतिमा मतभिन्नता भयो भन्दैमा पार्टी पुनर्गठनको कुरा गर्दै हिँड्ने दुवै अराजकतावादका पराकाष्टा हुन् । दृढताका साथ सबैले केन्द्रीय समितिको निर्णयलाई कार्यान्यन गरौँ । तर्क-कुतर्कहरू बन्द गरौँ । एकताका साथ अघि बढौँ ।

## हाम्रो कार्यक्रम ....

अधिनायकत्वअन्तर्गत त्यो सामाजिक सम्बन्धबाट उत्पन्न विचारहरूलाई मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले जस्तै क्रान्तिकारीकरण गरेर साम्यवादअनुरूप बनाउँछ । यसको अर्थ पुँजीवादी विचारलाई साम्यवादी बनाइन्छ । त्यसपछि सर्वहारा अधिनाकत्वले कहाँ लैजान्छ ? माक्सले ५ मार्च १८५२ मा न्युयोर्कमा रहेका जोसेफ पेडेमेयरलाई पत्र लेख्दै भन्नुभएको छ :

'...आधुनिक समाजमा वर्गअस्तित्वको खोजी गर्ने श्रेयको अधिकारी म होइन । वर्गसङ्घर्षको खोजी गर्ने श्रेयको अधिकारी पनि म होइन । मभन्दा धेरै पहिले नै पुँजीवादी इतिहासकारले वर्गसङ्घर्षको ऐतिहासिक विकास र पुँजीवादी अर्थशास्त्रले वर्गीय आर्थिक बनावटको वर्णन गरिसकेका थिए । मैले जे नयाँ कुरा गरेँ, त्यो यो सिद्ध गर्नु थियो : (१) वर्गहरूको अस्तित्व उत्पादन विकासको निश्चित ऐतिहासिक सिलसिलामा जोडिएको हुन्छ; (२) वर्गसङ्घर्षले अनिवार्य रूपमा सर्वहारा अधिनायकत्त्वको दिशामा लैजान्छ; (३) यो अधिनायकत्त्व स्वयम् सबै वर्गहरूको उन्मूलन तथा वर्गविहीन समाजतर्फ सङ्क्रमण मात्र हुन्छ ।'

–मार्क्स, सङ्कलित पत्रव्यवहार, प्रगति प्रकाशन मास्कोद्वारा १९८२ मा प्रकाशित हिन्दी संस्करण, पृ.६८।

अन्ततः सर्वहारा वर्गको अधिनायकत्वबाट वर्गविहीन समाजतर्फ सङ्क्रमण हुन्छ । अर्थात् सर्वहारा वर्गको अधिनायकत्वले स्वयम्को अन्त्य गर्दछ र राज्यविहीन, वर्गविहीन र दलविहीन, सचेत तथा सुन्दर वैज्ञानिक साम्यवादको विकास हुन्छ । यसको अर्थ वैज्ञानिक समाजवाद पुँजीवादबाट साम्यवादमा पुग्नका लागि एउटा पुल हो जहाँ वर्गविहीन साम्यवादको आधार तयार हुन्छ । मार्क्सले भनेजस्तै 'साम्यवाद पूर्ण रूपमा प्रकृतिवादमा विकसित भएर मानवतावाद बराबर हुन्छ र पूर्ण रूपले मानवतावादमा विकसित भएर प्रकृतिवाद बराबर हुन्छ ।' यसबाट के बुझिन्छ भने साम्यवाद भनेको मानव समाजको विकासप्रक्रियामा प्राकृतिक पुनर्स्थापना हो तर विकसित रूपमा भने त्यहाँ वास्तविक मानवतावाद र प्रजातन्त्र हुन्छ । व्यक्तिगत स्वामित्वमा आधारित दास प्रथात्मक, सामन्तवादी र पुँजीवादी व्यवस्थामा मुठीभर व्यक्तिहरूले आफ्नो नाफाका लागि मानवको पर्यावरण प्रतिकूल हुने गरी प्रकृतिको नष्ट गर्दछन् भने साम्यवादमा मानिसको सचेत सङ्गठनले आफ्नो अनुकूलको प्राकृतिक वातावरण निर्माण गर्दछ र समाज नै प्रकृतिवादी बन्दछ । मानवतावाद भनेकै प्रकृतिवाद हो र प्रकृतिवाद भनेकै मानवतावाद हो । वर्गीय समाजमा मानवतावाद र पूर्ण प्रजातन्त्रको खोजी गर्नु मूर्खता हो । वैज्ञानिक समाजवादमा पनि वर्ग रहिरहने भएकाले त्यहाँ सत्ताच्यूत शोषक वर्गका लागि प्रजातन्त्र कम र अधिनायकत्त्व बढी हुन्छ किनभने यो वर्गलाई पुनः संस्कार गरेर मात्र साम्यवाद आउँछ । अर्कोतिर सत्तारूढ शोषित-उत्पीडित वर्गका लागि प्रजातन्त्र बढी र अधिनायकत्त्व कम हुन्छ किनभने उसलाई पुनः संस्कार गर्नुपर्ने अवस्था कमै हुन्छ ।

हाम्रोअगाडि एउटा प्रश्न उठ्छ– पुँजीवादबाट साम्यवादमा पुग्ने सङ्क्रमणकालीन सामाजिक राज्यव्यवस्थालाई किन वैज्ञानिक समाजवाद भनिएको हो ? पहिलो कुरा, मार्क्सपूर्वका समाजवादीहरूलाई मार्क्सले तीन भागमा बाँड्नुभएको छ– प्रतिक्रियावादी, पुँजीवादी र काल्पनिक । उहाँले सबैभन्दा बढी आदर्श समाजवादी काल्पनिक समाजवादीहरूलाई मान्नुभएको छ तर उनीहरूको कमजोरी के थियो भने उनीहरू वर्गसङ्घर्षद्वारा पुँजीवादी राज्यसत्ता पल्टाएर समाजवाद आउँछ भन्ने पक्षमा थिएनन् । अथवा यसो भन्न सकिन्छ, उनीहरूको ज्ञान त्यहाँसम्म पुगेको थिएन । उनीहरू त मजदुर र उत्पीडित वर्गको गरिबी र उनीहरूमाथि भएको अमानवीय शोषणलाई शासक वर्गसामु वर्णन गर्दै समाजवादको आवश्यकता शासक वर्गलाई बोध गराएर समाजवाद ल्याउन चाहन्थे । यसकारणले यो समाजवाद काल्पनिक थियो । मार्क्स र एङ्गेल्सले के कुरा नयाँ आविष्कार गर्नुभयो भने उत्पादन विकासको एउटा निश्चित ऐतिहासिक प्रक्रियामा वर्गहरूको अस्तित्व जोडिएको छ । शोषक र शोषित वर्गहरूबीचको वर्गसङ्घर्ष हाम्रो मनोगत इच्छाबाट बाहिर छ अर्थात् वर्गसङ्घर्ष अपरिहार्य छ । यसले अनिवार्य रूपमा सर्वहारा अधिनायकत्वको दिशामा लैजान्छ । सर्वहारा अधिनायकत्वले अन्ततः आफ्नै अन्त्य गर्न र वर्गविहीन साम्यवादको स्थापना गर्न सङ्क्रमणकालीन भूमिका निर्वाह गर्दछ । यसलाई मार्क्सले छोटो हुन्छ होला भन्ने सोच्नुभएको थियो तर लेनिनले यो सङ्क्रमणकालीन सामाजिक राज्यव्यवस्था लामो हुने बताउनुभएको छ । यो यसकारणले लामो हुन्छ, यसमा लेनिनले औँल्याएको र माओले व्यवहारमा लागू गर्न सुरु गरेको सांस्कृतिक क्रान्ति लामो हुन्छ । पुरानो विचारधारा, संस्कृति, रीतिरिवाज, आनीबानी र विरासत पल्टाउने सर्वहारा वर्गको कार्यभार निकै कठिन र लामो हुन्छ । दोस्रो, पृथ्वीका सबै देशहरूमा नभए पनि अधिकांश देशहरूमा समाजवाद नआईकन साम्यवाद स्थापना हुन सक्तैन । आज हाम्रो जमानामा विज्ञान र प्रविधिको विकास, उत्पादनको तीव्रता, वित्तीय तथा सञ्चारको विश्वव्यापीकरणले साम्यवादलाई धेरै नजिक ल्याइदिएको छ ।

उपरोक्त वैज्ञानिक समाजवादसम्बन्धी समग्र व्याख्यापछि नेपालमा हामीले हाम्रो कार्यक्रम वैज्ञानिक समाजवाद भएको घोषणा किन गर्‍यौं भन्ने विषयमा केही कुरा राख्न जरुरी भएको छ । हामीले माथि आठौँ महाधिवेशनको प्रतिवेदनबाट नेपालमा वैज्ञानिक समाजवादी कार्यक्रम किन आवश्यक छ भन्ने कुरा उद्धृत गरेका छौँ । २००६ सालदेखि हाम्रो महाधिवेशनको केही समय पूर्वसम्म नेपालका अधिकांश साम्यवादी घटकहरूले नेपाल अर्धऔपनिवेशिक तथा अर्धसामन्ती रहेकाले यसको न्यूनतम् कार्यक्रम नयाँ जनवाद र अकिकतम् कार्यक्रम समाजवाद हो भनी संश्लेषण गरेका थिए । त्यसरी नै यस्तो देशमा दीर्घकालीन जनयुद्धद्वारा देशलाई मुक्त गरी पहिले राष्ट्रिय पुँजीको विकास गर्न नयाँ जनवादी चरण लागू हुन्छ भन्ने मान्यता थियो । अहिले पनि केही साम्यवादी पार्टीको यो मान्यता जारी छ । हामीले यो मान्यताबाट क्रमभङ्ग गरेका छौँ । नेपाल अब अर्धऔपनिवेशिक र अर्धसामन्ती अवस्थामा रहेको छैन । यो नवऔपनिवेशिक अवस्थामा पुगेको छ । साम्यवादको नायक राजतन्त्र दश वर्षे ऐतिहासिक जनयुध्द र त्यसबाट उत्पन्न जनआन्दोलनबाट अन्त्य भएको छ । यसकारण अर्धसामन्ती अवस्था पनि हटेको छ । साम्राज्यवाद आज सामन्तवादसँगको साँठगाँठबाट होइन, बरु दलाल पुँजीपति वर्गलाई स्थापित गरेर आएको छ । दलाल पुँजीपति वर्गलाई राज्यसत्तामा राखेर उसले नेपालमा आफैँले उत्पादन गरेको माल पठाई आफ्नो एकाधिकार बजार कायम गरेको छ । परिणामस्वरूप दलाल पुँजीवादी अर्थतन्त्रमाथि दलाल पुँजीवादी र राज्यव्यवस्था खडा भएको छ । त्यसकारण नेपाली शोषित–उत्पीडित जनता र दलाल पुँजीवादका बीचमा प्रधान अन्तरविरोध खडा भएको छ । यो अन्तरविरोध समाधान गर्न नयाँ जनवादले मात्र सक्तैन । यो अब अपूर्ण हुन्छ । त्यसकारण यसको समाधान गर्न हामीलाई वैज्ञानिक समाजवादकै कार्यक्रम आवश्यक हुन्छ । दलाल पुँजीवादी अर्थतन्त्र र राज्यसत्ता कब्जा गरेर पुँजीवादको एउटा पाइला पनि पूरा गर्नुपर्ने हुन्छ । यसका लागि एउटा चरणकै आवश्यकता पर्दैन । यसमा रुसको फब्रुअरी क्रान्तिदेखि अक्टोबर क्रान्तिसम्मको वा त्यसभन्दा केही तल र केही माथिको समय लाग्न सक्छ तर यो समाजवादी क्रान्तिकै एउटा सानो अंश हुन्छ । समग्रमा यो वैज्ञानिक समाजवादी क्रान्ति नै हुन्छ ।

यहाँ के कुरा पनि बताउन आवश्यक छ भने नेपालमा र विश्वमा अहिले पनि आफूलाई समाजवादी भन्नेहरू धेरै छन् । भारतले पनि आफूलाई समाजवादी भएको बताउँछ भने चीनले पनि आफूलाई चिनियाँ विशेषतासहितको समाजवादी भनेको छ । नेपाली काङ्ग्रेसले पनि आफूलाई समाजवादी भनेको छ तर उसले आफूलाई प्रजातान्त्रिक समाजवादी भनेर पुँजीवादी कित्ता स्पष्ट पारेको छ । कथित नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले पनि आफूलाई समाजवादी बताएका छन् । नेपाली कम्युनिस्ट आन्दोलनमा सबभन्दा पहिले आफूलाई समाजवादी भन्ने त नेपाल मजदुर–किसान पार्टी नै हो । उनीहरू कसैले पनि आफूलाई जता पनि अर्थ लाग्ने द्विअर्थी शब्द समाजवादको प्रयोग गरी शोषित–उत्पीडित वर्गको कित्ता स्पष्ट गरेका छैनन् । यस सन्दर्भमा महासचिव क. विप्लव नेतृत्वको पार्टीले वैज्ञानिक समाजवादलाई आफ्नो कार्यक्रम बनाएर कित्ता स्पष्ट गरेको छ जसले गर्दा जनतालाई कुनै भ्रम पर्दैन । त्यसकारण नेपालमा प्रजातान्त्रिक समाजवादी भनेपछि पुँजीवादी र वैज्ञानिक समाजवादी भनेपछि साम्यवादी भन्ने कुराको रेखाङ्कन भएको छ । जसले आफूलाई समाजवादी मानव बताउँछन् न महिला, न त पुरुष रहेका तेस्रो लिङ्गीहरू हुन् । ती आफ्नो राजनीतिक चरित्रमा अवसरवादी पनि छन् ।

वैज्ञानिक समाजवादमा पुग्ने हाम्रो कार्यदिशा भनेको एकीकृत जनक्रान्ति हो । हामीले यसलाई एकीकृत जनक्रान्ति भन्नुका आधारहरू निम्नानुसार रहेका छन् :

(१) आजको सूचना भूमण्डलीकरण, ज्ञानको भूमण्डलीकरण, उत्पादन एवम् वित्तीय भूमण्डलीकरण र विज्ञान तथा प्रविधिको भूमण्डलीकरण भएको युगमा गाउँ र सहरको ठूलो दूरी रहेको छैन । त्यसकारण अब यहाँ हामीलाई लेनिनले विकास गरेको सशस्त्र जनविद्रोह र माओले विकास गरेको दीर्घकालीन जनयुद्धको कार्यदिशामध्ये कुनै एउटा लागू गर्नु अपूर्ण हुन्छ । यो दुवै कार्यदिशाको समायोजन र विकासले मात्र पूर्णता हासिल हुन्छ । त्यसकारण एकीकृत जनक्रान्तिको एउटा महत्वपूर्ण आधार दुवै कार्यदिशाको संयोजन र विकासलाई बनाएका छौँ ।

(२) एकीकृत जनक्रान्तिको अर्को आधार भनेको मूलतः चार विशेषताहरू भएको विश्वअर्थव्यवस्था हो । यो विश्वअर्थव्यवस्थाको पहिलो विशेषता अति एकाधिकारवादी र अति केन्द्रीकृत रहेको छ । एक प्रतिशत विश्व-धनाढ्यहरूको सम्पत्ति र ९९ प्रतिशत मानिसहरूको सम्पत्ति बराबर रहनु यसको एउटा प्रमाण हो । ९९ प्रतिशत मानिहरूको सम्पत्ति पनि कहीँ न कहीँ ती अति एकाधिकारवादी पुँजीपतिहरूको हातमा रहेको छ । मध्यम वर्गको ठूलो हिस्सालाई पनि यही एकाधिकारी वर्गले चुसेर कङ्गालीकरण गरिरहेको छ । यो विश्व-अर्थव्यवस्थाको दोस्रो विशेषता भनेको विकेन्द्रित उत्पादन र केन्द्रीकृत वितरण हो । माक्स–लेनिन–माओको समयमा यसको विपरीत थियो । अर्थात् केन्द्रीकृत उत्पादन र विकेन्द्रित वितरण । आज पुँजीपतिवर्गले मजदुर वर्गलाई ठूलो सङ्ख्यामा सङ्गठित हुन नदिन विकेन्द्रित उत्पादन प्रक्रिया अपनाएको छ भने मुठीभर मानिस धनी हुन केन्द्रीकृत वितरण व्यवस्था मिलाएको छ । सर्वहारा वर्गले र यस वर्गको पार्टीले मजदुर खोज्न वितरणका केन्द्रमा पुग्न जरुरी छ । आजको विश्व अर्थव्यवस्थाको तेस्रो विशेषता भनेको उत्पादक शक्तिमा विज्ञान–प्रविधिको समायोजन हुनु हो । यसले गर्दा उत्पादमा तीव्रता आएको छ । तर वितरण प्रणाली निजी स्वामित्वमा आधारित भएकाले अमेरिकामा गहुँको अति उत्पादन भए पनि सोमालियाका जनता भोकले कङ्गाल भएर मरिरहन्छन् । आजको विश्व-अर्थव्यवस्थाको चौथो विशेषता भनेको औपचारिक रूपमा अर्थतन्त्रको नियन्त्रण र निर्देशक राजनीति भए पनि अनौपचारिकता र वास्तविकतामा अर्थतन्त्रले राजनीतिलाई निर्देशन गरिरहेको छ । हामी सबैले आफ्नै आँखाअगाडि देखिरहेको छौँ- संसदीय चुनावमा पैसा जसको बढी हुन्छ, त्यसैले जितिरहेको छ । नेपालमा गाउँपालिकाको वडाध्यक्ष जित्न पनि करोडभन्दा कम्ले जित्न गाह्रो छ । ठूलाठूला निगमहरूले देशको राजनीतिमा प्रभाव पार्न थालेका छन् । हरेक पार्टीका राजनीतिक नेताहरू, नोकरसाहीतन्त्रका प्रमुखहरू, न्यायालयका न्यायाधीशहरू, प्रहरी र सेनाका प्रमुख अधिकृतहरू पुँजीपतिहरूको हातमा नाचिरहेका छन् । यसकारण उनिहरू देशको विकास, उत्पीडितहरूलाई न्याय र देश तथा जनताको सुरक्षा गर्नुभन्दा भ्रष्टाचार, भोगविलास र निजी सम्पत्तिको विकासमा लागेका छन् । यो विश्व-पुँजीवादका चार विशेषताहरू नेपालमा पनि लागू भएका छन् । यो चार विशेषता भएको विश्व-पुँजीवादी अर्थव्यवस्थाले किसान, मजदुर, सिपाही मात्र चुसिएका छैनन्, बरु उसका लागि बढी रस प्राप्त हुने वर्ग राष्ट्रिय पुँजीपति र मध्यम वर्ग बनेको छ । मध्यम वर्गको ९० प्रतिशत टाटपल्टिँदै गएर किसान मजदुर सिपाहीको पङ्क्तिमा उभिने स्थितिमा पुगेको छ । यो अर्थ व्यवस्था एकीकृत जनक्रान्तिको आधार बन्न पुगेको छ ।

(३) भौतिकशास्त्रका बैज्ञानिक स्टेफिन हकिङले प्रकृति विज्ञानका क्षेत्रमा अल्बर्ट आइन्स्टाइनको सापेक्षताको सिद्धान्त र स्वयम् आइन्स्टाइन, म्याक्र्स प्लाङ्कलगायतले सुरुआत गरेको तथा सूक्ष्म जगत्मा नयाँ गहिराइमा पुगेको अनिश्चयताको सिद्धान्तलाई मिलाएर एकीकृत भौतिकशास्त्रको आविष्कार गरेका छन् । यस सिद्धान्तको मद्दतले केही वैज्ञानिकहरूले मात्र होइन, बरु आम जनताले ब्रह्माण्डका सम्पूर्ण वस्तुहरू सही तरीकाले बुझ्न सक्ने स्थिति बनेको छ । स्थुल जगतलाई बुझ्न सक्ने भौतिक शास्त्र सापेक्षताको सिद्धान्त र सुक्ष्म जगतलाई बुझ्न सक्ने क्वान्टम सिध्दान्त तथा अनिश्यताको सिद्धान्तबीचको एकता द्वन्द्वात्मक भौतिकवादी दर्शनमा विपरीतहरूको एकत्त्व पनि हो । त्यसकारण यो प्राकृतिक विज्ञानको सिद्धान्त पनि हाम्रो कार्यदिशा एकीकृत जनक्रान्तिको महत्वपूर्ण आधार बनेको छ ।

(४) सैन्य विज्ञानमा उच्च प्रविधि र निम्न प्रविधि, छापामार, चलायमान र मोर्चाबद्ध युद्ध, सहरिया आधारइलाका र गाउँले आधारइलाकाको समायोजन आवश्यक बन्न गएको छ । यो एकीकृत जनक्रान्तिको आधार बन्न पुगेको छ ।

(५) सामाजिक विज्ञानमा वर्गसङ्घर्ष र राष्ट्रियताको सङ्घर्षलाई समायोजन नगरी आजको श्रमजीवी तथा सर्वहाराले जित्न सक्दैन । यसमा पनि वर्गसङ्घर्ष राष्ट्रियताहरूको सङ्घर्षलाई नेतृत्व गर्दछ । राष्ट्रियताहरूको एकता र देशको सार्वभौम अखण्डता दुवै राष्ट्रियताका प्रश्नहरू हुन् । त्यसकारण वर्गीयता र राष्ट्रियताको अपरिहार्य समायोजन एकीकृत जनक्रान्तिको आधार बन्न पुगेको छ ।

(६) अन्तिम र धेरै महत्वपूर्ण एकीकृत जनक्रान्तिको आधार भनेको राजनीतिक, आर्थिक र सांस्कृतिक क्रान्तिको समायोजन हो । राजनीति अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति भएकाले यो स्वतः अर्थतन्त्रसँग जोडिएको छ भने विद्यमान संस्कृति विद्यमान राजनीति र अर्थतन्त्रको अभिव्यक्तिका रूपमा रहेको हुन्छ । तर संस्कृति लामो विचारधारा, रीतिरिवाज, चालचलन र विरासतको परम्परा हो । राजनीतिक क्रान्ति जति छिटो र सजिलो हुन्छ त्यति छिटो र सजिलो सांस्कृतिक क्रान्ति हुँदैन । त्यसकारण लेनिनको उद्घाटन र माओको विकासद्वारा समृद्ध गरिएको सांस्कृतिक क्रान्ति आज साम्यवादी पार्टीका लागि राजनीतिक क्रान्तिको पहलदेखि नै जोडिन पुगेको छ । राजनीति र संस्कृतिको आधार बनेको अर्थतन्त्रलाई पनि तदनुरूप परिवर्तन नगरीकन क्रान्ति सफल हुँदैन ।

एकीकृत जनक्रान्तिलाई हाम्रो पार्टीले नेपाली क्रान्तिको कार्यदिशाका रूपमा संश्लेषण गरिसकेपछि हामीले यसका निसानाहरू र त्यो निसानामा प्रहार गर्ने साथीहरू पनि स्पष्ट गरेका छौँ । दलाल पुँजीवादी वर्ग, नोकरशाही पुँजीवादी वर्ग र सामन्तवादका अवशेषहरू यसका प्रमुख निसानाहरू हुन् । यी तीनै निसानाहरूको नेतृत्त्व दलाल पुँजीवादले गर्दछ । यो क्रान्तिका साथीहरू तथा प्रेरकहरू आजका मजदुर, किसान, सिपाही, सुकुमबासी, राष्ट्रिय पुँजीपति र मध्यम वर्ग हुन् । यसको अलग व्याख्या र विकास आवश्यक छ । आजका मजदुर, किसान, सिपाही, राष्ट्रिय पुँजीपति र मध्यम वर्ग आजकै जस्ता छन् अर्थात् शास्त्रीय व्याख्याले पुग्दैन ।

हाम्रो अगाडि गम्भीर प्रश्न छ– यो क्रान्तिको आधारइलाका कहाँ हुन्छ ? अथवा यो कुनकुन अवस्थाबाट विजयी हुन्छ । यहाँ छोटकरीमा भन्दा तयारी–रिहर्सल–निर्णायक क्रान्तिको प्रक्रियाबाट अघि बढ्दछ । यसको आधारइलाका लेनिनको जस्तो सेन्टपिटर्सबर्ग वा माओको जस्तो चिङ्काङ्सान हुँदैन । सेन्टपिटर्सबर्ग र चिङ्काङ्सानको समायोजन हुन्छ । विचारधारात्मक तथा राजनीतिक, आर्थिक, सङ्गठनात्मक, सङ्घर्ष, भौतिक तथा प्राविधिक र अन्तर्राष्ट्रिय सर्वहारा तथा उत्पीडित वर्गसँगको समन्वयजस्ता कुराहरूको तयारी आवश्यक हुन्छ । यसका साथसाथै तयारी परीक्षणका लागि केही पूर्वाभ्यासको आवश्यकता त छँदैछ । तयारी र रिहर्सलको निरन्तरतामा क्रमभङ्ग गर्दै निर्णायक लडाइँमा पुग्नु यो क्रान्तिको प्रक्रिया हो । निर्णायक लडाइँबाट विजयी भएपछि जनताको जनवादी अधिनायकत्त्व भएको वैज्ञानिक समाजवादी गणतन्त्र नेपालको घोषणा हुन्छ । राज्यसत्ताका सम्पूर्ण अङ्गहरूमा क्रान्ति हुन्छ । दलाल पुँजी र राष्ट्र बैङ्कलगायत सम्पूर्ण बैङ्कहरू वैज्ञानिक समाजवादी गणतन्त्रको नियन्त्रणमा जान्छन् । दलाल पुँजीवादी सरकारले लिएको ऋण खारेज गरिन्छ । दलाली तथा भ्रष्टाचार गरेर विदेशी बैङ्कमा थुपारेको सम्पत्ति सरकारलाई बुझाउन सम्बन्धित राष्ट्रहरूलाई आह्वान गरिन्छ । अन्तर ाष्ट्रिय सीमामा कडा निगरानी राख्ने व्यवस्था मिलाइन्छ । राष्ट्रिय पुँजीपति, मध्यम वर्ग र सरकारको साझेदारीमा राष्ट्रिय उद्योग तथा कलकारखानाहरूको सञ्चालन र नयाँ स्थापना गरिन्छ । मन्त्रीदेखि मजदुरसम्मको समान तलब निर्धारण गरिन्छ । निजी विद्यालय तथा विश्वविद्यालय र अस्पतालहरूलाई राष्ट्रियकरण गरिन्छ । जग्गा–जमिन राष्ट्रियकरण गरी भूमिहीन किसानहरूलाई वितरण गरिन्छ । समग्रमा जनताका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार र सञ्चारको व्यवस्था गरिन्छ । यही नै वैज्ञानिक समाजवादको सुरुआत हुन्छ । अरू कुरा माथि बताइएको सिद्धान्तअनुसार व्यावहारिक मूर्तीकरण हुँदै जान्छ ।

२१ भदौ, २०७८



समय समीक्षा

# जागौ बस साथी जागौ बस, हुरीअघि सन्नाटामा मार्च हुन सक्छ बिहानै...

## किन काँप्छन् बारम्बार महानायकहरूका मुटु ?



अशोक सुवेदी

यतिबेला नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवको ११ वर्षअघि स्वर र सङ्गीतबद्ध भएको गीत 'जागै बस साथी जागै बस' को अत्यन्त धेरै सम्झना र आवश्यकता भइरहेको छ । जब राजनीतिक जीवनमा विपत्तिहरू आइलाग्छन्, जब क्रान्तिमा सङ्कट मडारिन लाग्छ, जब पार्टीनेतृत्व विचार, आदर्श र व्यवहारबाट लर्खराउन थाल्छ र आन्दोलनमा दुस्मनहरू हाबी हुन थाल्छन्, त्यतिबेला महासचिवको यो गीत धेरै सान्दर्भिक हुन्छ किनकि कुनै पनि बेला दुस्मनले क्रान्तिकारी शक्तिमाथि धावा बोल्न थाल्छन् र क्रान्तिकारी शक्ति जागै बस्नुपर्ने हुन्छ । यतिबेला फेरि महासचिवले क्रान्तिकारी आन्दोलनका पक्षमा लेखेको यो



गीतको सान्दर्भिकता अझै बढेको छ । महासचिवले त्यतिबेला क्रान्तिका पक्षमा लेखेको गीतको पूर्ण अंश यस्तो छ :

जागै बस साथी जागै बस
हुरीअघि सन्नाटामा
मार्च हुन सक्छ बिहानै
क्रान्ति पूरा गर्नलाई

वर्गवैरी धोकेबाज हुन्छन्
घात गर्न सक्छन् रातारात
दिनदहाडै आतङ्क मच्चाई
पार्न सक्छन् बरबाद

भीषण हुन्छ भोलिको रण
पार गर्नु छ कसैगरी
क्रान्तिकारी रातो झन्डालाई
फहराउनुछ जसैगरी

यति बेला नेपालको कम्युनिस्ट आन्दोलन अत्यन्त गम्भीर मोडमा छ । क्रान्तिकारी रातो झन्डा फहराउनु र त्यसलाई जोगाउनु आवश्यक छ । एकातिर मुलुकको राष्ट्रियता, जनतन्त्र र जनजीविका सङ्कटमा छ भने अर्कोतिर राजनीतिक आन्दोलन पनि सङ्कटमा छ । क्रान्तिकारी आन्दोलन सञ्चालन गरिरहेको पार्टी नेकपाको केन्द्रीय समितिले प्रतिक्रियावादी दलाल संसदीय व्यवस्थाले गराउने चुनावमा सहभागी नहुने निर्णय गरे पनि एकखाले मानिसहरू पदीय मर्यादासमेत ध्यानमा नराखी चुनावमा हाम्फालिरहेका छन् अर्थात् उनीहरूका लागि वैज्ञानिक समाजवाद यही व्यवस्था बनेको छ । यो जनतामाथिको घात र धोका हो र क्रान्तिप्रतिको गद्दारी पनि ।

कवि अलेक्सान्द्र इसाएभिच सोल्झेनित्सिनले यस्तो अवस्थालाई अत्यन्त मार्मिक ढङ्गले अभिव्यक्त गरेका छन् । उनी भन्छन् :

हामीलाई थाहा छ, तिनीहरू ढाँट्दैछन्
तिनीहरूलाई पनि थाहा छ, तिनीहरू ढाँट्दैछन्
तिनीहरूलाई थाहा छ, तिनले ढाँटिरहेको हामीलाई थाहा छ
हामीलाई थाहा छ, तिनीहरूले ढाँटिरहेको हामीलाई थाहा छ भन्ने तिनीहरूलाई थाहा छ
तर पनि तिनीहरू अझै ढाँटी नै रहेका छन् ।

हो, दलाल संसद्वादको उपयोगबाट समाजवाद आउँदैन भन्ने सबैलाई थाहा छ । अझ मार्क्सवादी र क्रान्तिकारी कम्युनिस्ट हौँ भन्नेहरूलाई त थाहा नहुने कुरै भएन किनकि निरन्तर सात दशकदेखि नेपालका क्रान्तिकारीहरू यसैप्रकारका प्रतिक्रियावादी व्यवस्थाका विरुद्ध लडिरहेका छन् । हिजो एमालेले कम्युनिस्टकै ब्यानरमा बहुदलीय जनवादका नाउँमा



सबैलाई ढाँट्यो । त्यसपछि फेरि प्रचण्डहरूले पनि एक्काईसौँ शताब्दीको जनवादलगायत विभिन्न बहानामा जनतालाई ढाँटे र क्रान्तिप्रति, सर्वहारा श्रमिक जनतामाथि अर्को गद्दारी गरे । अब कसैले यही संसद्वादी व्यवस्थालाई उपयोग गरेर समाजवाद ल्याउँछौँ वा यहीँभित्रैबाट समाजवाद आउँछ भन्छ भने फेरि पनि उसले हामीलाई बेबकुफ बनाउने प्रयत्न गरिरहेको छ । यसरी खुलेआम ढाँट्दा पनि हामी सधैँ ढाँटिइरहने ? आफैँलाई बारम्बार ढाँट्ने ?

महासचिव कमरेड विप्लवले पछिल्लो एक बैठकमा आफू चौतर्फी घेराबन्दीमा परेको, एमसीसी र एनसेलविरुद्धको आन्दोलनका कारण ज्यान नै जोखिममा रहेको, पार्टीभित्रको अन्तरसङ्घर्षको समय पारेर आफूमाथि हमलासम्म हुनसक्ने वा गोन्जालो बनाइनसक्ने सूचना आएको भन्दै अलि चिन्तामिश्रित स्वरमा नयाँ, चुनाव उपयोगको कार्यनीति स्वीकार गर्न प्रस्ताव गरेका थिए । साम्राज्यवादी आक्रमणको धम्की खाने नेकपाका महासचिव विप्लव पहिलो व्यक्ति होइनन् । यसअघि प्रचण्डले पनि बारम्बार यसैगरी आफूमाथि आक्रमणको खतरा रहेको बताउने गरेका थिए । यो सत्य हो वा बनावटी हो, नेताहरू क्रान्तिकारी कार्यदिशा र कार्यक्रमबाट पछि हट्नुपर्‍यो भने साम्राज्यवादलाई कारण देखाउने गरेका छन् । मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ, होचि मिन्ह, चे, फिडेल क्यास्त्रो, किम इल सुङदेखि किम जोङ उन र सी जिन पिङसम्मलाई साम्राज्यवादी धम्की नभएको होइन । नेतहरूको मस्तिष्कमा विचार र मुटुमा रातो रगत होउन्जेल यस किसिमका धम्कीले कुनै अर्थ राख्दैनन् तर जब विचार कमजोर हुँदै जान्छ अनि प्रतिक्रियावादी शक्तिहरूका धम्कीले हाम्रा नायक र महानायकहरूको नौनाडी गल्दै जाने र मुटु काँप्ने गरेको छ । किन बारम्बार नेपाली जनताका महानायकहरूमा भक्ति थापा, अमरसिंह, भीमसेन र कृष्ण सेनहरूको भन्दा कायर लेन्डुपहरूको रगत बगिरहेको छ ? परिस्थिति नै यस्तै बनेको यो वा कृत्रिम कुरा हो ? साँच्चै हो भने नेपाल र नेपाली कहिल्यै पनि वैरीहरुबाट पराजित भएका छैनन् । बनाएको छ भने नेपालीलाई आफैँभित्रको मनोरोगले पराजित बनएको छ ।

कवि ढुण्डीराज अधिकारी नेपालीको वीरताको बखान गर्दै लेख्छन् :

साम्राज्यवादको खुनी हमला सहन सक्दिनँ
कायर बनी चुप लागेर रहन सक्दिनँ
ईँटको जबाफ ढुङ्गाले दिन्छु हिँड्दिनँ भागेर
जिउनु छैन थरथर काँप्दै ज्यानको भिक मागेर
बाँचुन्जेलसम्म देशको रक्षा पाले भै गर्नेछु
वीरको छोरो वीरको नाती बहादुर भै मर्नेछु



सक्दिनँ हेर्न सगरमाथा दनदनी बलेको
हेरिरहन्नँ देशको सिमाना दिनदिनै सरेको
पुर्खाले रगतपसिना बगाई आर्जेको देश मेरो
हुन म दिन्नँ कहिले पनि नेपाललाई अँधेरो
आमाको छाती दलालले टेक्दा कसरी नजागौँ
नेपाल आमाले गुहार माग्दा कसरी म भागौँ
संसार थर्काउने नेपाली वीर हो भनेर चिनिन्छ
मेरो देशमाथि कुदृष्टि लाउनेको रगत पिइन्छ
नेपाललाई कमजोर नठान ए साम्राज्यवादी हो
लड्नु र भिड्नु साधारण खेल हो नेपाली जातिको
जन्मिँदै कला साथमा ल्यायौँ खुकुरी चलाउन
बालक कालमै अभ्यास गर्‍यौँ बारुद खेलाउन
मृत्युलाई जित्ने कला छ हाम्रो यमराज डराउँछ
हाम्रो गर्जनले दुष्ट-दुस्मनको मूल सातो हराउँछ
हामीले तयार गरेको बाटो निरन्तर हिँड्नेछौँ
तगारो हाल्न कोही आएमा अवश्य भिड्नेछौँ
लक्ष्य टाकुरो टेकेरै छोड्छौँ बीचमा अड्किन्नौँ
शिखर नचुमी बहादुर पाइला पछाडि फर्कन्नौँ
नाङ्लो ठटाएर तर्सिन्न हात्ती निरन्तर लम्किन्छ
हाम्रो लम्काइमा बाधा पुर्‍याए खुकुरी चम्किन्छ
हाम्रो वेगलाई रोक्न नखोज रोकेर रोकिन्न
ज्वालामुखी भै पड्किन सक्छौँ छेकेर छेकिन्न

महान् दार्शनिक कार्ल मार्क्सले मार्क्सवाद कार्यान्वयनका लागि निरन्तर वर्गसङ्घर्षमा लामबद्ध भइरहनुपर्ने बताएका छन् । कम्युनिस्ट आन्दोलनका महान् अग्रज लेनिन र माओले पनि वर्गसङ्घर्ष नै समाजवाद- साम्यवाद प्राप्तिको एक मात्र र अचुक हतियार भएको बताएका छन् । यहाँ तीन महान् अग्रजका महान् उक्तिहरूलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु :

'हामी मजदुरहरूलाई भन्छौँ, विद्यमान स्थितिलाई परिवर्तन गर्ने मात्र होइन, आफैँलाई राजनीतिक सत्ता सञ्चालनयोग्य बनाउनसमेत तपाईंहरू १५, २० र ५० वर्षका गृहयुद्ध एवम् अन्तर्राष्ट्रिय युद्धका बीचबाट गुज्रनुपर्ने हुन्छ ।'

– कार्ल मार्क्स

'गृहयुद्धबिना आजसम्म इतिहासमा कुनै पनि महान् क्रान्ति सम्पन्न हुनसकेको छैन र त्यसबिना पुँजीवादबाट समाजवादमा सङ्क्रमण कुनै पनि गम्भीर मार्क्सवादीले सोच्न सक्दैन ।'

– भीआई लेनिन

'हरेक कम्युनिस्टले यो सत्यलाई आत्मसाथ गर्नैपर्छ, राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ । हाम्रो सिद्धान्त हो पार्टीले बन्दुक चलाउँछ र कुनै हालतमा बन्दुकले पार्टी चलाउन दिइनेछैन ।'

- माओ त्सेतुङ


यी महान् उक्तिहरूले वर्गसङ्घर्ष सम्झौता, पलायन र सहमति-सम्झौतामा होइन, निरन्तर क्रान्तिको माध्यमबाट मात्र अघि बढ्न सम्भव छ । सङ्घर्षको माध्यमबाट मात्र मालेमावाद लागू हुनसक्छ । नेकपामाथि प्रतिबन्ध लगाइएपछि १२ जनाको बलिदान भइसकेको छ भने सयौँ नेता-कार्यकर्ता जेलको चिसो छिँडीमा कष्टपूर्ण जीवन व्यतित गरिरहेका छन् । नेता-कार्यकर्ताको टाउकोमा हजारौँ झुट्टा मुद्दाहरू चलिरहेको र क्रान्तिबाट संसद्वादमा ओरालो लाग्न गरिएको कथित तीनबुँदे सहमतिसमेत कार्यान्वयन नभइरहेको समयमा पार्टीका कतिपय नेताहरूमा यस्तो संसद्वादी चुनावमा जान मरिहत्ते गर्ने चिन्तन कहाँबाट आयो होला ? प्रश्न गम्भीर छ । चुनावकै विषयमा मार्क्सवादी युवा कवि बीपी विद्रोही 'चुनाव होइन, व्यवस्थाविरुद्ध लडौँ' शीर्षक कवितामा भन्छन् :




वडामा लड्ने कि पालिकामा
लडाइँ यसमा नलडौँ
यो सत्तासँग
राइफलले लड्ने कि मिसाइलले लड्ने
लडाइँ यसमा गरौँ
पहिलो निशाना
माफियालाई लगाउने कि तस्करलाई
बहस यता गरौँ
जनमुक्ति सेनाको पहिलो रोलकल
माइतीघरबाट गर्ने कि थबाङबाट
छलफल यता गरौँ
जनसरकारको प्रमुख को बन्ने
जनसेनाको कमान्डर को बन्ने
कम्ब्याट कुन प्रयोग गर्ने
छलफल यता गरौँ
पहिलो सहिद तपाईं हुने कि म ?
पुरानो व्यवस्थाको चिहान कहाँनेर खन्ने
जलाउने कि गाड्ने
समाजवादको पहिलो झन्डा कहाँ फहराउने
समाजवादको पहिलो बिहान कुन गीत गाउने
छलफल यसमा गरौँ
साम्राज्यवादलाई केले हान्ने
पुँजीवादलाई केले ठोक्ने
टाउकोमा हान्ने कि
छातीमा बजाउने
छलफल यता गरौँ
लडौँ कमरेड लडौँ
पहिला सिङ्गो व्यवस्थाका विरुद्ध लडौँ
मेयर र उपमेयरको चुनाव
फुर्सदमा लडौँला !

हो, यो बेला दलाल पुँजीवादलाई बलियो बनाउने चुनाव होइन, क्रान्तिमार्गमा अघि बढ्ने अब्बल क्रान्तिकारी चयन गर्ने बेला हो । क्रान्तिको लालझन्डा झुक्न लागेको समयमा लालझन्डा कसले बोक्ने भन्ने विषयमा चुनाव हुनु जरुरी छ ।

नेपालको कम्युनिस्ट आन्दोलन विभिन्न चरण, मोड, घुम्ती र अनुभवहरू सँगाल्दै सङ्घर्षपूर्ण बाटोबाट यहाँसम्म आइपुगेको छ । २००६ सालमा स्थापित कम्युनिस्ट पार्टीले आफ्ना गौरवशाली ७३ वर्ष पार गरिसकेको छ । नेकपाका नेताहरूले नै लेखेर संश्लेषण गरेका छन् : नेपालको कम्युनिस्ट आन्दोलनमा २००८, २०१२, २०१५, २०१९, २०२५, २०२८, २०२९, २०३१, २०३५, २०३८, २०४०, २०४२, २०४८, २०५१, २०५४, २०६१, २०६५, २०६९ र २०७१ सालहरू भीषण दुई लाइन सङ्घर्षका उत्कर्ष वर्षहरू हुन् । नेपालको कम्युनिस्ट आन्दोलनमा आएको टुटफुट र विभाजन तथा नेतृत्व परिवर्तनका वर्षहरू थिए ती । यी अन्तरसङ्घर्ष र दुई लाइन सङ्घर्षहरूले पार्टीमा टुटफुट मात्र भएन, यसले सही र गलत विचारहरूलाई पनि सतहमा ल्याइदिएको छ । २००८ सालमा पार्टीमा आएको सुधारवाद, २०१२ सालमा देखापरेको राजावादी लाइन, २०१५ सालमा देखापरेको संसदीय लाइन, २०१७ सालपछि देखापरेको खुस्चोभी लाइन, संविधानसभाको अमूर्त र अस्पष्ट लाइन (२०१९), पुष्पलालको काङ्ग्रेससँगको मोर्चामा पञ्चायत फाल्ने लाइन (२०२५), झापालीहरूको वर्गसङ्घर्षको लाइन (२०२८), मोहनविक्रमको देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार (२०३१), (२०३८), सत्ता जनतालाई हस्तान्तरणको लाइन (२०४१), निर्मल लामाको विद्रोह र चुनावमा भाग लिने लाइन र मोहनविक्रमको चुनाव बहिष्कारको लाइन, प्रचण्डको जनयुद्धको लाइन (२०४८), मदन भण्डारीको बहुदलीय जनवादको लाइन (२०४८), जनयुद्धभित्र प्रचण्डको जनयुद्ध र जनविद्रोहको फ्युजनको लाइन (२०५४), बाबुरामको लोकतान्त्रिक गणतन्त्रको लाइन (२०६०), शान्तिप्रक्रियापछि पछिल्लो चरणमा प्रचण्डको संविधानसभाको लाइन, विद्रोहको लाइन, समाजवादको लाइन, बाबुरामको शान्ति र संविधानको लाइन, किरणको जनयुद्धको जगमा जनविद्रोह मुख्यतः विद्रोहको लाइन, विप्लवको एकीकृत जनक्रान्तिको लाइन । कठोर वर्गसङ्घर्षकै बीचमा हामी अत्यन्त गम्भीर मोडमा आइपुगेका छौँ फेरि । नेकपाको एउटा समूह चुनावमा होमिएको छ भने ठूलो पङ्क्ति क्रान्तिप्रति प्रतिबद्ध छ । संसद्वादी व्यवस्थाभित्र प्रवेश गरेर समाजवाद स्थापना गर्ने कुरा क्रान्तिबाट विचलित हुने कुरा हो । स्रष्टाहरूले यस किसिमका अवसरवादी कार्यनीतिहरूलाई सिर्जनाका माध्यमबाट धज्जी उडाएका छन् । क्रान्तिरीहरूले



फेरि एकपटक अवसरवादबाट बच्दै र पलायनका योजनाहरूलाई परास्त गर्दै क्रान्तिमार्गमा अघि बढ्नुआवश्यक छ । यस अंकको समय समीक्षमा कवि पाशको 'सबभन्दा खतरनाक' र कवि बर्तोल्त ब्रेख्तको 'मायाकोब्स्कीको समाधिमा' शीर्षकका अत्यन्त चर्चित र समसामयिक कालजयी कवितांश




प्रस्तुत गर्दै बिदा हुने अनुमति माग्छु :

'कपटी स्वरमा
सत्य हुँदाहुँदै पनि दबेर बस्नु– नराम्रो त हो
जूनकीरीको रोशनीमा पढ्नु– नराम्रो त हो
मुठी कसेर समय गुजार्नु– नराम्रो त हो
तर सबभन्दा खतरनाक होइन
सबभन्दा खतरनाक हुन्छ
मुर्दा शान्तिले भरिनु

... बाँकी पृष्ठ ७ मा

गीत

### प्यारी हाम्री आमा

शब्द : अशोक सुवेदी
स्वर/सङ्गीत : ढुण्डीराज अधिकारी र रमण थामी

टहटह जूनजस्तै शीतल हाम्री आमा
मन्दमन्द पवनजस्तै शान्त हाम्री आमा
सागरजस्तै विशाल, निश्छल, स्वच्छ हाम्री आमा
चोमोलुङ्मा हिमालजस्तै उच्च हाम्री आमा ।

नील-नील गगनजस्तै व्यापक हाम्री आमा
चमचम गर्ने ताराजस्तै उज्ज्वल हाम्री आमा
हराभरा सृष्टि पार्ने धर्ती हाम्री आमा
सुन्दर संसार देखाउने प्यारी-प्यारी आमा ।

तराईको तातो बाफ, हिमालको हुरी
पहाडको दुःखकष्ट सबै एकैसरि
विभेदको अन्त्य खोज्ने न्यायमूर्ति आमा
शान्त लाग्ने समुद्रकी ज्वारभाटा आमा ।

दृढताकी प्रतीक आमा ममताकी खानी
पीडा-कष्ट पचाएर हाँस्खेल गर्ने बानी
छङ्छङ गर्ने झरनाजस्तै स्वच्छ हाम्री आमा
संसारमै सबैभन्दा असल हाम्री आमा ।

## पार्टी निर्णयविरुद्ध ....

सचिवालय हार्दिक अपिल गर्दछ।'

नेकपाको केन्द्रीय समितिको बैठकमा पार्टी महासचिवले स्थानीय तहको चुनाव उपयोग गर्ने प्रस्ताव प्रस्तुत गरे पनि केन्द्रीय समितिले उक्त प्रस्ताव अस्वीकार गरी पार्टी दर्ता नगर्ने, देशभक्त, एमसीसीविरोधी स्वतन्त्र उम्मेदवारलाई सहयोग गर्न सकिने निर्णय गरेको थियो। केन्द्रीय समितिले दलाल पुँजीवादी सत्ताले गराएको चुनावमा पार्टी दर्ता गराएर भाग नलिने निर्णय गरेपछि चुनावपरस्त पात्रहरूबीच खल्बली मच्चिएको थियो। पार्टी केन्द्रीय समितिको बैठकपछि चितवनमा केन्द्रीय समितिद्वारा आयोजित प्रशिक्षणमा केन्द्रीय सचिवालयका सदस्यहरू धर्मेन्द्र बास्तोला 'कञ्चन' र हेमन्तप्रकाश ओली 'सुदर्शन' ले पार्टीका कुनै सदस्य चुनावमा जान चाहेमा पार्टीबाट राजीनामा दिएर स्वतन्त्र रूपमा जानसक्ने बताएका थिए । पार्टी महासचिव विप्लवले पनि प्रतिक्रियावादी सत्ताले गराउने चुनावलाई लिएर पार्टीमा विवाद आउनु नहुने बताएका थिए तर केही नेताहरू भने पार्टी केन्द्रीय समितिको निर्णयविपरीत पार्टी दर्ता गराउने उद्देश्यले निर्वाचन आयोगमा गएको भन्दै व्यापक आलोचना भएको थियो।

## चुनावी प्रक्रियामा ....

बैठकका सबै सहभागीको मतअनुसार संसदीय चुनावमा भाग लिने कुरा सैन्द्धान्तिक रूपले गलत भएकाले यसको कुनै पनि प्रक्रियामा भाग नलिने, बरु जनप्रतिनिधिहरूले ५ वर्षको अवधिमा गरेका भ्रष्टाचार र बेथितिहरूलाई भण्डाफोर गर्ने कार्यक्रम तय गरिएको छ । नेकपाका काठमाडौं जिल्ला सेक्रटरी तथा महानगर इन्चार्ज अविरल चन्दको सञ्चालनमा सम्पन्न बैठकको अध्यक्षता महानगर सेक्रेटरी सङ्घर्षले गरेका थिए।

बैठकमा केन्द्रीय जनश्रममा महानगरमा सहभागी भएका सङ्घर्ष र बबिन, एमसीसीविरोधी आन्दोलनमा सहभागी हुँदा घाइते भएका र जेल-हिरासतबाट मुक्त भएका कार्यकर्तालाई सम्मान गरिएको थियो।

## नेपाली चलचित्र उद्योग ....

वक्तव्य जारी गरी नियोजित ढङ्गले चलचित्र घरहरूमा रातारात 'सो' सञ्चालन गरेर कानुनलाई नै धज्जी उडाउने काम गरिएकाले यसप्रकारको सरासर स्वदेशी चलचित्रलाई विस्थापित गर्ने र विदेशी चलचित्रलाई स्थापित गर्ने कार्य बन्द गर्न पनि चेतावनी दिएका छन्। क्यू एफएक्स र त्यसअन्तर्गत रहने केएल टावर, सिभिल मल, बीजी मललगायत मल र हलहरूले नियमविपरीत राती नौ बजेपछि १२, ३ र बिहान ५ बजेसम्म हिन्दी र अङ्ग्रेजी भाषाका चलचित्र देखाएर नेपाली चलचित्र उद्योगलाई धराशशी पारेकोमा सङ्घको आक्रोश छ।

वक्तव्यमा राष्ट्रिय स्वाधीनतामाथि ठाडो हस्तक्षेप गर्ने सीधै विदेशी चलचित्रमाथि जबर्जस्त निर्भर पार्ने उद्देश्यले चालिएको चलखेल रहेकाले कालान्तरमा यो राष्ट्रलाई विदेशी भूमिमा सुम्पिने उद्देश्यका साथ लागेका दलालहरूको चलखेल साबित भएको उल्लेख छ। नेपाली जनताले यस्ता दलालहरूलाई पहिचान गरी विस्थापित गर्न आवश्यक रहेको पनि वक्तव्यमा उल्लेख छ । वक्तव्यमा भनिएको छ, 'नेपाल आमाका सपूत हामी वीर नेपालीले झुक्न होइन, झुकाउन जानेका छौँ । विदेशीको बुई चढेर स्वदेशतिर तीर हान्ने दुष्प्रयास नगरियोस् । राष्ट्र र राष्ट्रियतालाई खल्बल्याउन कसैले पनि दुष्प्रयास गर्छ भने हामी गम्भीर पाइला चाल्न पछि पर्नेछैनौँ। यस्तो परिस्थिति सिर्जना नगरिदिनुहुन अनुरोध गर्दछौँ।'

वक्तव्यको पूर्ण पाठ यसप्रकार रहेको छ :

इतिहासको लामो कालखण्डदेखि नै राज्य दलालहरूको चङ्गुलमा फस्दै आएको छ। यहाँका शासकहरू व्यक्तिवादी चिन्तनद्वारा ग्रस्त छन् जसले जनतामाथि निरङ्कुशता लादिरहेका छन्। यिनीहरू निजी स्वार्थमा विदेशी दलालहरूको कठपुतली बन्न पुगेका छन्। मुलुक आज प्रतिक्रियावादी दलदलमा फसिरहेको छ। राज्यका प्रत्येक अङ्गमा सामन्ती, दलाल र नोकरशाही नै छन्। सामन्तवादको नाइके ढले पनि त्यसको वर्गचरित्र जस्ताको तस्तै छ। राज्यको अर्थतन्त्र, सुरक्षासंयन्त्र, नियम कानुन, राज्यसंरचना आज पनि सामन्ती, प्रतिक्रियावादी-प्रतिक्रान्तिकारी नै छ। आज पनि आर्थिक, सामाजिक, सांस्कृतिक संरचनामा पुरातन विचारधाराको हालीमुहाली छ। सामन्तवादी-प्रतिक्रियावादी संस्कृतिको अन्त्य गर्न पुरानो सत्तालाई जगैदेखि हटाउनु जरुरी छ।

यतिबेला नेपाली कलासाहित्य, गीतसङ्गीत र चलचित्र क्षेत्रमा पनि विदेशी कलासाहित्य, गीतसङ्गीत र विदेशी चलचित्रको हस्तक्षेप तीव्र बनेको छ जसको कारण नेपालको मौलिक कलासाहित्य, गीतसङ्गीत र चलचित्रको अस्तित्व समाप्त हुने खतरा बढेको छ। यतिबेला स्वाभिमानी र देशभक्त चलचित्रकर्मीहरू सजग र सतर्क नहुने हो भने नेपाली चलचित्र सङ्ग्रहालयमा खोज्नुपर्ने स्थिति नआउला भन्न सकिन्न। नेपाली राष्ट्रियता, राष्ट्रिय स्वाधीनतामाथि नै भैरहेको वैदेशिक नाङ्गो हस्तक्षेपको विरोध गर्नु आजको आवश्यकता हो । हामी नेपाली राष्ट्रियताप्रति अत्यन्त प्रतिबद्ध छौँ । तसर्थ नेपाली राष्ट्रियताको संरक्षण एवम् नेपाली संस्कृतिको जगेर्ना गर्दै राष्ट्रियता, मौलिक, स्वाभिमानी संस्कृति तथा सम्बद्ध नेपाली चलचित्र उद्योगको विकास गर्ने उद्देश्यले हाम्रो गौरवशाली सङ्गठन अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी सङ्घ समग्र नेपाली चलचित्र जगत्लाई वैज्ञानिक समाजवादी दिशा दिन प्रयत्नशील छ। हाम्रो सङ्गठन सबै जातजातिका भाषा, हिमाल, पहाड, तराईका कलासंस्कृतिको संरक्षण, विकास गर्ने, तिनीहरूमाथि हुने सबैखाले विभेदपूर्ण हस्तक्षेप र उत्पीडनविरुद्ध, नेपाली चलचित्र जगत्को संरक्षण र संवर्द्धन गर्न निरन्तर सङ्घर्षरत छ।

अहिले चलचित्रको आन्तरिक तथा बाह्य जीवन अत्यन्त सङ्कटपूर्ण बनिरहेको छ। चलचित्र क्षेत्रका प्रत्येक अङ्ग अस्थिर र सङ्कटपूर्ण बनिरहेका छन् । लगानीकर्ताको लगानी असुरक्षित छ। कर्मशील श्रमिकहरूको भविष्य अन्धकार छ। कलाकारिता न जीवनयापनको गतिलो आधार बनेको छ, न त सुरक्षित र सम्मानजनक नै हुनसकेको छ। चलचित्र क्षेत्रलाई आधार बनाई भ्रष्टाचार, घोटाला, अपचलन, विचलन, गद्दारीजस्ता कार्यहरू झाङ्गिँदो छ। अनैतिक, अपारदर्शी, अवैधानिक व्यावसायिक गतिविधि बढ्दो छ । अशिष्ट, असामाजिक, विकृतिपूर्ण तथा यौनको अपरिष्कृत र अमर्यादित प्रस्तुतिसहितका चलचित्रको बाढी लागेको छ। चलचित्रले आर्थिक, भाषिक, सांस्कृतिक तथा राष्ट्रिय महत्वलाई उजागर गर्ने वास्तविकतालाई हृदयङ्गम गरी यथार्थपरक, सामाजिक, व्यावसायिक, देशभक्तिपूर्ण चलचित्र निर्माण हुनुपर्दछ।

चलचित्र निर्माण निकै महँगो र खर्चिलो छ। लगानी सुरक्षित भए मात्र चलचित्रद्वारा निर्दिष्ट उद्देश्य हासिल गर्न सकिन्छ। श्रम र श्रमिकको उचित मूल्य, मान्यता र सम्मान भए मात्र दिगो चलचित्र उद्योग निर्माण हुने हो। पेसागत संस्थाहरूले नैतिकता र इमानदारीका साथ आफ्नो अग्रणी भूमिकालाई निर्वाह गरेर चलचित्र उद्योग गतिशील बनाउनुपर्छ। असल चलचित्रले मात्र सम्मान र सफलता प्राप्त गर्नसक्छ । नियमन, नियन्त्रण र विकसित गर्ने जिम्मेवारी प्राप्त सरकारी निकाय उत्तरदायी हुनसके नेपाली चलचित्रले विश्वव्यापी पहिचान स्थापित गर्ने अवसर प्राप्त गर्दछ । कलाकार, प्राविधिक, लेखक, कामदार, गीतसङ्गीतका सिर्जनशील समदाय हाम्रै समाजका प्रतिनिधि हुन् । सामाजिक उत्तरदायित्वलाई जिम्मेवारपूर्ण ढङ्गले निर्वाह गरे दर्शक तथा जनताको माया र सद्भाव पाइन्छ जसले नेपाली चलचित्र उद्योगलाई नयाँ उचाइमा पुऱ्याउँछ।

नियोजित ढङ्गले चलचित्र घरहरूमा रातारात 'सो' सञ्चालन गरेर कानुनलाई नै धज्जी उडाउने काम भएको छ। यो सरसार स्वदेशी चलचित्रलाई विस्थापित गर्ने र विदेशी चलचित्रलाई स्थापित गर्ने कार्य हो। राष्ट्रिय स्वाधीनतामाथि ठाडो हस्तक्षेपले सीधै विदेशी चलचित्रमाथि जबर्जस्त निर्भर पार्ने उद्देश्यले चालिएको चलखेल हो जसले कालान्तरमा यो राष्ट्रलाई विदेशी भूमिमा सुम्पिने उद्देश्यका साथ लागेका दलालहरूको चलखेल साबित भएको छ। नेपाली जनताले यस्ता दलालहरूलाई पहिचान गरी विस्थापित गर्न आवश्यक छ किनकि नेपाल आमाका सपूत हामी वीर नेपालीले झुक्न होइन, झुकाउन जानेका छौँ । विदेशीको बुई चढेर स्वदेशतिर तीर हान्ने दुष्प्रयास नगरियोस् । राष्ट्र र राष्ट्रियतालाई खल्बल्याउन कसैले पनि दुष्प्रयास गर्छ भने हामी गम्भीर पाइला चाल्न पछि पर्नेछैनौँ। यस्तो परिस्थिति सिर्जना नगरिदिनुहुन अनुरोध गर्दछौँ।

यसर्थ नेपाली चलचित्रको संरक्षण गर्न हाम्रो सङ्गठन अखिल नेपाल क्रान्तिकारी चलचित्रकर्मी सङ्घ सरोकार निकायलगायत सबैसँग हार्दिक आह्वान गर्दछ।

## वेपत्ता योद्धा ....

कार्यक्रम सम्पन्न भएको थियो।

उक्त कार्यक्रममा बेपत्ता योद्धा पूर्ण पौडेलकी आमा मोतीमाया पौडेल, पूर्ण पौडेलका दाजु तथा यातायात व्यवसायी महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष केदार पौडेल, बहीनी तेजकुमारी पौडेल, भान्जा डा. रवि थापाको समेत उपस्थिति रहेको थियो । बेपत्ता परिवार समाज कास्कीका अध्यक्ष अणनाथ बराल, नेकपा कास्की जिल्ला सेक्रेटरी गोकुल पराजुली, नेकपा (क्रान्तिकारी माओवादी) गण्डकी प्रदेश सदस्य परशु कोइराला, नेकपा माओवादी ( समाजवादी) गण्डकी प्रदेश इन्चार्ज भोजराज त्रिपाठी, नेकपा वैज्ञानिक समाजवादीका प्रतिनिधि विकास लिङ्देली, सहिद बेपत्ता परिवारकी राधिका सिम्खडा, सहिद सन्तति फाउन्डेसन गण्डकी प्रदेश अध्यक्ष सङ्गीता बराल, भूपू विद्यार्थी मञ्चका संयोजक सुजन सापकोटाका साथै सहिद स्मृति स्कुलकी प्रअ मोना गिरीको उपस्थिति थियो।

कार्यक्रममा बेपत्ता योद्धा पूर्ण पौडेलका दाजु केदार पौडेलले पूर्णको जीवनी प्रस्तुत गर्दै विद्यार्थी आन्दोलनलाई अगाडि बढाउने सवालमा पूर्ण पौडेलको नेतृत्व सम्मानजनक रहेको बताए। उनले योद्धाहरुको सपनालाई साकार बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

पूर्ण पौडेलकी आमा मोतीमाया पौडेलले मन्तव्य राख्दा कार्यक्रम हल निकै भावुक बन्न पुगेको थियो। आमा मोतीमायाले छोरा पूर्णलाई सम्झँदै राज्यले बेपत्ताको खोजी यथाशीघ्र चाँडो गर्नुपर्ने भन्दै छोराको सपना पूरा गर्न आफू पनि अनवरत लागिरहेको बताएकी थिइन्।

नेकपा केन्द्रीय सदस्य तथा कार्यक्रमकी प्रमुख अतिथि सावित्रा दुरा 'आस्था' ले राज्यको निरीहताका कारण आजसम्म सहिदलाई राष्ट्रिय सहिद र बेपत्ता योद्धाको खोजी नभएकोमा दुःख व्यक्त गरेकी थिइन्। उनले हजारौँ सहिद-बेपत्ता योद्धाको सपना साकार नहुँदासम्म क्रान्तिमार्ग नछाड्ने प्रतिबद्धता पनि व्यक्त गरेकी थिइन्। उनले आफूहरु दलाल राज्यव्यवस्थाको अन्त्य गर्दै वैज्ञानिक समाजवादी व्यवस्था स्थापित गर्नका लागि सङ्घर्ष गरिरहेको बताएकी थिइन् । कार्यक्रममा उपस्थित अन्य अतिथिले पनि आआफ्नो मन्तव्य राखेका थिए।

नेकपा माओवादीको आह्वानमा भएको १० बर्से जनयुद्धका क्रममा तत्कालीन अखिल क्रान्तिकारीका महासचिव पूर्ण पौडेललाई राज्यले २०५९ साल वैशाख १३ गते काठमाडौँ कालीमाटीबाट गिरफ्तार गरी बेपत्ता बनाएको थियो।

# अखिल (क्रान्तिकारी) द्वारा पूर्ण पौडेलको खोजसभा सम्पन्न




■ रातोखबर संवाददाता/चितवन

भरतपुर। नेकपा निकट अखिल (क्रान्तिकारी) संयुक्त जिल्ला समिति चितवनको आयोजनमा महान् जनयुद्धका बेपत्ता योद्धा तथा सङ्गठनका तत्कालीन महासचिव पूर्ण पौडेलको खोजसभा कार्यक्रम सम्पन्न भएको छ । भरतपुरस्थित सप्तगण्डकी बहुमुखी क्याम्पसमा आयोजना गरिएको कार्यक्रम अखिल (क्रान्तिकारी) चितवनका जिल्ला इन्चार्ज तथा केन्द्रीय सचिवालय सदस्य विकल्प खत्रीको अध्यक्षतामा गरिएको थियो।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज सन्देश पौडेल प्रमुख अतिथि रहेका थिए भने नेकपा चितवनका विशेष समिति सदस्य रुद्र भट्टराई, जिल्ला सेक्रेटरी मीनप्रसाद सापकोटा, अखिल (क्रान्तिकारी) का केन्द्रीय कार्यालय सदस्य अटल शर्मा र नेकपा जिल्ला सदस्य सुदीप पौडेल अतिथि रहेका थिए।

कार्यक्रममा जिल्ला इन्चार्ज सन्देश पौडेल, विशेष समिति सदस्य रुद्र भट्टराई र अखिल (क्रान्तिकारी) का केन्द्रीय कार्यालय सदस्य अटल शर्माले मन्तव्य राखेका थिए।

उक्त कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य सुमन श्रेष्ठले गरेका थिए भने स्वागत मन्तव्य अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य केशव भट्टराईले गरेका थिए।

## संसद्वाद स्वीकारेर ....

गरेको र त्यसकै निरन्तरतामा नेकपाका महासचिवले तान्त्रिकले मन्त्रेको औँठी लगाएर विचार समाप्त हुँदै गएको उदाहरण प्रस्तुत गरेको सुदर्शनले बताए। नयाँ गर्ने भन्दै नेकपाको मूल नेतृत्व पुरानै संसद्वादी योजनामा फसेको नेता सुदर्शनको भनाइ थियो।

वामपन्थी लेखक ऋषिराज बरालले लेखेको 'सार्वभौम माओवाद र उत्तरमार्क्सवादी विभ्रम' पुस्तक विमर्श कार्यक्रममा नेकपा नेता सुदर्शनले मालेमावादी विचारको रक्षा, विकास र प्रयोगमा जोड दिँदै पुस्तकले माओवादको सार्वभौमिकतालाई प्रमाणित गरेको पनि प्रस्ट पारे । गलत चीजको विरोध गरिराख्नुपर्ने र खराब संस्कारको क्रान्तिकारी विकल्प प्रस्तुत गरिरहनुपर्ने पनि उनले बताए। जुन कुराको विरोध गर्दै जन्मियो, त्यही कुराको समर्थन गर्दै मर्ने नेपाली कम्युनिस्ट आन्दोलनको रोग नै भएको भन्दै नेता सुदर्शनले पार्टी महासचिवले प्रकाशन गरेको वैज्ञानिक समाजवाद पुस्तकमा संसद्मा गएका सबै पार्टीले समाजवाद स्वीकारिसकेको अवस्थामा संसद्बाटै समाजवाद घोषणा गर्ने विषय लेखेर हावादारी तर्क गरेको दाबी पनि गरे।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य किरण, वामपन्थी विश्लेषक रोशन जनकपुरीलगायतले माओवादको रक्षा, विकास र कार्यान्वयन गर्न क्रान्तिकारी शक्तिहरूबीच एकता हुनुपर्ने बताए।

## पार्टी नीतिविपरित ....

असफल सिद्ध नाम फेरिएको संसदीय व्यवस्थाको चुनावमा पार्टी भाग नलिने (नजाने) निर्णय गरेको थियो । सो निर्णयको अधीनमा जिल्लादेखि माथि केन्द्रीय सदस्यसम्मले पार्टीनीतिको दृढतापूर्वक लागू गर्नुपर्नेमा पार्टीका केही पात्रहरू कसरी सकिन्छ अपव्याख्या गर्दै आफ्नो वैचारिक राजनीतिक टाटपल्टाइ उजागर गर्न पुगेका छन् । साथै पार्टीले खास-खास स्थानमा राष्ट्रवादी स्वतन्त्र उम्मेदवारी दिएका व्यक्तिलाई सहयोग र समर्थन गर्न सकिने स्पष्ट पारेको थियो।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'विडम्बना, पार्टीको मूल लाइन तोडमोड गर्दै पार्टी जिल्लाको बैठकसमेत नबसेको, चुनावबारे कुनै निर्णय नभएको, कुनै स्वतन्त्र उम्मेदवार खडा गर्ने र सहयोग गर्ने निर्णयसमेत नभएको अवस्थामा पार्टीका केही व्यक्तिहरूले सामान्य पार्टीको सङ्गठनात्मक पद्धति र राजनीतिक मर्यादा एवम् संस्कारसमेतको धज्जी उडाउँदै पार्टी नाम जोडेर स्वतन्त्र उम्मेदवारको प्रचारको पछि नलाग्न हाम्रो पार्टी पार्टीपङ्क्ति र आमजनतामा स्पष्ट गर्दछ। साथै पार्टीको चुनावमा भाग नलिने नीतिको दृढतापूर्वक कार्यान्वयन गर्न, असफल संसदीय व्यवस्थाको भन्डाफोर गर्नसमेत आह्वान गर्दछु।'

## क्रान्तिकारी ध्रुविकरण ....

आन्दोलनलाई दमन गर्ने नवप्रतिक्रियावाद, सामन्तवाद र दलाल पुँजीवादका विरुद्ध लड्न आवश्यक भएको बताए । मुख्यतः दक्षिणपन्थी संशोधनवादका विरुद्ध लड्नु अहिलेको मुख्य विषय भएको भन्दै नेता किरणले क्रान्तिकारी र अवसरवादीबीचको ध्रुवीकरण आवश्यक भइसकेकोमा जोड दिए।

नेकपाका केन्द्रीय सचिवालय सदस्य कञ्चनले विचारधारात्मक कुरालाई व्यवहारमा लागू गर्नुपर्ने र विचारको रक्षा गर्नुपर्ने आजको आवश्यकता रहेको बताए । विश्व कम्युनिस्ट आन्दोलनमा लेनिनले गरेको योगदानको चर्चा गर्दै नेता कञ्चनले नेपालको क्रान्तिकारी आन्दोलनका बारेमा समीक्षा गरेर अघि बढ्नुपर्ने बताए।

नेकपाका अध्यक्ष ऋषि कट्टेलले लेनिनले प्रयोग गरेको डुमाका बारेमा पनि गम्भीर बहस र छलफल आवश्यक रहेको भन्दै चुनावका बारेमा कुन बाटो लिने भन्नेबारेमा बहस गर्नुपर्ने बताए । नेपालको कम्युनिस्ट आन्दोलन धेरै अप्ठ्यारोमा परेको भन्दै उनले यसको आत्मसमीक्षा गर्न जरुरी भएको बताए।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका प्रवक्ता जागृत रायमाझीले दर्शन र राजनीतिका क्षेत्रमा केही काम गरेको भए पनि अर्थतन्त्र र विज्ञान प्रविधिका क्षेत्रमा काम गर्न नसकिएको बताउँदै अहिलेको कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्था मात्र नभएर सङ्कटग्रस्त अवस्थामा पुगेको बताए । लेनिन, लेनिन भएर नजन्मिएको तर लेनिन भएर मरेको भन्दै विश्व कम्युनिस्ट आन्दोलनमा उनको योगदान निकै माथि रहेको बताए।

नेकपा (मसाल) का नारायण सापकोटाले कम्युनिस्ट पार्टीमा आलोचनात्मक चेतको अभावले गर्दा सोभियत सङ्घ र चीनमा प्रतिक्रान्ति भएको भन्दै कम्युनिस्ट पार्टीमा सामूहिक नेतृत्व प्रणाली मुख्य कुरा भएको बताए । कार्यक्रमको आयोजना नेकपा (क्रान्तिकारी माओवादी) ले गरेको गरेको थियो।

## जागौ बस साथी ....

कुनै छट्पटीबिना चुपचाप सहनु
घरबाट काममा निस्कनु
र कामबाट घरमा फर्कनु
सबभन्दा खतरनाक हुन्छ
हाम्रा सपनाहरूको मृत्यु हुनु।'
- पाश

'हामीले सार्कहरूलाई छकायौँ
हामीले बाघहरूलाई हरायौँ
हामीलाई जसले खायो
त्यो उडुस थियो।'
- बर्तोल्त ब्रेख्त

नियमित

# जनयुद्धको ७ बुँदे प्रतिबद्धता

## जनयुद्धको ऐतिहासिक पहलका लागि हाम्रा सैद्धान्तिक प्रतिबद्धताहरू

(१) हाम्रो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद-लेनिनवाद-माओवादको शिक्षामा आधारित हुनेछ। हाम्रो देशको विशिष्टताअनुसार गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एकपटक पुनः माओद्वारा विकास गरिएको सर्वहारावर्गको सार्वभौम र अपराजेय मार्क्सवादी सैन्य सिद्धान्तका रूपमा जनयुद्धको सिद्धान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछ।

(२) जनयुद्धको थालनीको हाम्रो यो योजना 'राज्यसत्ताबाहेक अरू सबै भ्रम हो' भन्ने मान्यतामा आधारित हुनेछ। जनताका निमित्त राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र सङ्घर्षको प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखापर्ने अर्थवाद, सुधारवाद, अराजकतावादलगायत सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता व्यक्त गर्दछ।

(३) हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहाराको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिकै स्वर्णिम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ। एकपटक हतियार उठाएपछि त्यसलाई अन्त्यसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारावर्ग एवम् आमजनताप्रति अपराध हुने कुरामा हामी दृढ छौँ। यो सङ्घर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइनेछैन। यसरी हाम्रो सशस्त्र सङ्घर्ष सबै प्रकारका निम्नपुँजीवादी, सङ्कीर्ण राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमहरूबाट सम्पूर्ण रूपले मुक्त रहनेछ।

(४) हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रवादको महान् भावनामा आधारित रहनेछ। नेपाली क्रान्ति, सर्वहारा विश्वक्रान्तिको अभिन्न अङ्ग हो र यसले विश्वक्रान्तिको सेवा गर्नेछ। हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद-लेनिनवाद-माओवादको निर्देशनमा विश्वक्रान्ति अघि बढाउन तथा नयाँ अन्तर ाष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) (जसको हाम्रो पार्टी पनि सदस्य छ) को विकासमा अझ बढी सहयोग पुऱ्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ।

(५) हाम्रो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारावर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैद्धान्तिक मान्यतामा आधारित रहनेछ। अन्तरविरोधको नियमको सार्वभौमिकताअनुसार भित्री-पार्टी-सङ्घर्षलाई द्वन्द्वात्मक ढङ्गले ग्रहण र त्यसलाई सञ्चालन गर्नु, पार्टीलाई त्यसरी सजीव राखी हरक्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु, पूरा हृदयले जनताको सेवा गर्ने, जनतासँग घनिष्ट सम्बन्ध कायम राख्ने जनदिशाको सिद्धान्तमा अविचल रहने कुरामा पार्टी कटिबद्ध छ।

(६) हाम्रो यो योजना सर्वहारावर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यताअनुसार बन्नेछ। पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादविरोधी सबै तह र तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र सङ्घर्ष सञ्चालन गरिनेछ। कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र सङ्घर्ष श्रमजीवी जनससमुदाय मुख्यतः गरिब किसाहरूमाथि भर परेर चल्नेछ। कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवम् विदेशी प्रतिक्रियावादी गुटहरूको दबाब, धम्की र प्रलोभनमा पर्नेछैन।

(७) युद्धमा आफ्नै नियमअनुसार त्यो सरल रेखामा होइन, जटिल बक्ररेखामा अघि बढ्नेछ। लेनिनको 'क्रान्ति आफैँले आफ्नो विकासक्रममा सधैँ नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ' भन्ने कुराको महत्वलाई आत्मसात गरेर जानु जरुरी छ। जित र हार, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ। खराब कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तरविरोधको नियमलाई ठीक ढङ्गले पक्रेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्नेछौँ।

उक्त योजनाका प्रमुख, सहायक र विशिष्ट नाराहरू यसप्रकार थिए :

(१) मुख्य नारा

'नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ !'

(२) सहायक नाराहरू

– राजतन्त्रात्मक संसदीय व्यवस्था मुर्दावाद !
– पञ्च-काङ्ग्रेस गठबन्धन सरकार मुर्दावाद !
– जमिन कसको ? जोत्नेको !
– विद्रोह जनताको अधिकार हो !
– नयाँ जनवादी क्रान्ति जिन्दावाद !
– जनयुद्ध जिन्दावाद !
– सामन्तवाद-साम्राज्यवाद-विस्तारवाद मुर्दावाद !
– संशोधनवाद, नवसंशोधनवाद मुर्दावाद !
– मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !
– नेपाल कम्युनिस्ट पार्टी (माओवादी) जिन्दावाद !

प्रतिबद्धताको उपसंहारमा यस्तो उल्लेख गरिएको थियो :

प्रिय कमरेडहरू

आज हामीले नेपाली समाज र पार्टीको जीवनमा आमूल परिवर्तन गर्ने प्रमुख साधनका रूपमा जनयुद्धको पहल गर्ने महान् व्यावहारिक फड्को हान्दैछौँ। यो कठिन तर सम्भव र महान् निर्णय पार्टीले कसरी लिन सक्यो ? यसका पछाडि पहिलो, मानव समाजकै वर्गसङ्घर्षको विकासप्रक्रियाले काम गरेको छ। दोस्रो, लामो समयदेखि नेपाली जनताले चलाउँदै आएका विविध रूपका सङ्घर्षहरू तथा ती सङ्घर्षहरूमा हाम्रो पार्टीका नेता एवम् कार्यकर्तादेखि अनगिन्ती नेपाली जनताका छोराछोरीहरूले प्राप्त गरेको सहादत र उनीहरूको रगतले काम गरेको छ। तेस्रो, नेपाली कम्युनिस्ट आन्दोलनमा सर्वहारावर्गको अपराजेय वैज्ञानिक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादका लागि विभिन्न रूपका अवसरवाद, मुख्यतः दक्षिणपन्थी संशोधनवादका विरुद्ध पार्टीको लामो र कष्टसाध्य वैचारिक सङ्घर्षले काम गरेको छ। चौथो, जनताको मुक्तिका निमित्त पार्टीको क्रान्तिकारी राजनीतिक कार्यदिशाअनुसार वर्गसङ्घर्षका विभिन्न मोर्चामा सर्वहारा वर्गीय स्पिरिटका साथ डटिरहेका नेता र कार्यकर्ताहरूको त्याग, लगन र साहसले काम गरेको छ। पाँचौँ, विश्व कम्युनिस्ट आन्दोलनका विगत र वर्तमानका प्रचुर सकारात्मक एवम् नकारात्मक अनुभवहरूले काम गरेको छ। छैटौँ, नेपाली समाजलाई आज चौतर्फी सङ्कटको स्थितिमा पुऱ्याउने सामन्त, नोकरशाह र दलाल पुँजीपति वर्गप्रतिको हाम्रो सचेत घृणा र नेपाली जनताको मुक्तिका निमित्त जस्तोसुकै बलिदान गर्न तयार रहने हाम्रो प्रतिबद्धताले काम गरेको छ। त्यसकारण आज यो निर्णय हुनु सामान्यतः विश्व-सर्वहारा वर्ग र जनसमुदायको, मुख्यतः नेपाली सर्वहारा वर्ग र श्रमजीवी जनसमुदायको एउटा महत्वपूर्ण विजय हो। आज प्रत्येक पार्टी सदस्यले त्यो महान् गौरव र जिम्मेवारीलाई व्यवहारमा चरितार्थ पार्न मुक्ति वा मृत्युको स्पिरिटमा दिलोज्यानले मोर्चामा डट्नुभन्दा ठूलो अर्को कर्तव्य छैन। हामीसँग मार्क्सवाद-लेनिनवाद-माओवादको सर्वशक्तिमान वैचारिक हतियार छ। सही राजनीतिक एवम् सैनिक कार्यदिशा छ। त्यसअनुसारको योजना छ। त्यसैले अब हाम्रा लागि साहस, साहस र फेरि साहसको परिचय दिनु आवश्यक छ। बाटो कठिन छ तर भविष्य उज्ज्वल छ। जित सुनिश्चित छ।

-(जनयुद्धको थालनीको दस्ताबेजबाट उद्धृत)




हामीकहाँ विभिन्न ब्राण्डका घडीहरु सुपथ मूल्यमा पाइन्छ। एकपटक सेवा गर्ने मौका दिनुहोस्।



पपुलर वाच सेन्टर

जमल, रानीपोखरी, काठमाडौं, फोन नं. ९८१८४०४२०७

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं सुताएर, घोप्ट्याएर प्रयोग नगरौं
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ